# दिगो विकासका लक्ष्यहरु

## प्रदेश नं. पाँचको आधार तथ्याङ्क प्रतिवेदन



प्रदेश योजना आयोग, प्रदेश सरकार, प्रदेश नं. पाँच

© प्रदेश योजना आयोग, प्रदेश सरकार, प्रदेश नं. पाँच

यो प्रतिवेदन प्रदेश योजना आयोग, प्रदेश सरकार, प्रदेश नं. पाँचले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहयोगमा सन् २०१९ मा तयार तथा प्रकाशन गरेको हो ।

तस्बिर सौजन्यः युएनडीपी नेपाल, लक्ष्मीप्रसाद ङाखुसी, सीपी खनाल

मितिः २०७६/०२/२८

## भुमिका

प्रदेश सरकार, प्रदेश नं. पाँचले समृद्ध प्रदेश खुसी जनताको दीर्घकालीन सोंच सहित आफ्नो प्रथम पञ्चवर्षीय योजना तयार गरेको छ। यस योजनाले निर्धारण गरेका लक्ष्य तथा प्राथमिकताहरू विश्व समुदायले सन् २०३० भित्र हासिल गर्ने गरी कार्यान्वयन गरिएको दिगो विकासमा लक्ष्यहरू अनुरूप रहेका छन्। नेपाल सरकारले अन्तर्राष्ट्रिय प्रतिवद्धता जनाएको दिगो विकासका लक्ष्यहरू प्रदेशको सन्दर्भमा समेत हासिल गरी राष्ट्रिय प्रतिबद्धता पुरा गर्न सघाउ पुऱ्याउने यस प्रदेशले नीति लिएको छ। यो दिगो विकास लक्ष्यको बेसलाइन प्रतिवेदन संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनेडिपि) को सहयोगमा तयार गरिएको छ। यसले दिगो विकासका विभिन्न लक्ष्यहरूमा प्रदेशको अवस्थाबारे जानकारी दिनुका साथै ती लक्ष्यहरू हासिल गर्न आवश्यक रणनीतिक कार्यक्रमहरूको पहिचान तथा विकास गर्न सहयोग पुऱ्याउने उद्देश्य लिएको छ।

यो प्रतिवेदन हाल उपलब्ध तथ्य तथा सूचना र विभिन्न सरोकारवालाहरूसँगको परामर्शका क्रममा प्राप्त सूचनाका आधारमा तयार गरिएको हो। यसले दिगो विकासका लक्ष्यहरू हासिल गर्ने सन्दर्भमा भए गरेका प्रगतिहरूको अनुगमन गर्न र कोही कसैलाई नछुटाउने गरी ती लक्ष्यहरू हासिल गर्नका लागि आगामी दिनहरूमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यसले प्रदेशको आगामी पञ्चवर्षीय योजनाका परिमाणात्मक लक्ष्यहरू निर्धारण गर्न समेत सहयोग पुऱ्याउनेछ। यो प्रतिवेदन स्थानीय सरकार, निजी क्षेत्र र नागरिक समाज सबैलाई र इच्छुक विकासका साझेदारहरूलाई यस प्रदेशमा दिगो विकास लक्ष्य हासिल गर्न आफ्ना कार्यक्रमहरू सञ्चालन गर्न वा सहयोग गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्न समेत सहयोग पुऱ्याउने छ।

म यस अवसरमा यस्तो महत्वपूर्ण प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउने यूएनडिपि र यस प्रतिवेदनका लागि आवश्यक प्रारम्भिक प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउने डा. गोविन्द नेपाल, दामोदर ज्ञवाली र आशुतोष मणि दीक्षित सहितको विज्ञ समूहलाई धन्यवाद दिन चाहन्छु। यसैगरी यस प्रतिवेदन तयारीमा संलग्न हुने प्रदेश योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू, प्रदेश सरकारका सम्बद्ध कर्मचारीहरू, निजी क्षेत्र, नागरिक समाज, विकासमा साझेदारहरू र अन्य सरोकारवालाहरूलाई धन्यवाद दिन्छु।

..........................
शंकर पोखरेल
मुख्यमन्त्री एवम् अध्यक्ष प्रदेश योजना आयोग



# विषयसूची


अध्याय एकः पृष्ठभूमि ०१

१.१ विषयप्रवेश ०१

१.२ उद्देश्यहरू ०६

१.३ अवधारणा र पद्धति ०७

१.४ प्रतिवेदनको संरचना ०७

अध्याय दुईः दिविल लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरू ०९

अध्याय तीनः प्रदेश नं. पाँचमा दिविल सूचकहरूको आधार तथ्याङ्कको अवस्था २५

३.१ प्रादेशिक दिविल सूचकहरूमा तथ्याङ्क अभाव र उपलब्धता ३७

अध्याय चारः प्रादेशिक योजनामा दिविलहरूको आन्तरिकीकरण ३९

अध्याय पाँचः अनुगमन तथा मूल्याङ्कन ४५



# अध्याय एक
# पृष्ठभूमि

## १.१ विषय प्रवेश

दिगो विकास लक्ष्य (दिविल) हरूको तय गर्ने दिगो विकासका लागि सन् २०३० एजेण्डा सामाजिक रूपमा समावेशी र वातावरणीय रूपमा दिगो आर्थिक वृद्धिलाई एकीकृत रूपमा हासिल गर्ने आवश्यकताबाट उत्पत्ति भएको हो । दिगो विकासको मानक आधार भनेको एउटा सदाचारी विश्वव्यापी समाजको खोजी हो जुन तीन वटा विश्वासमा आधारित छ :

(क) सम्पन्नताका बीच गरिबी रहनु हुँदैन,

(ख) राष्ट्रहरूको विश्वव्यापी समुदायले सामाजिक सद्भाव र हिडडुल प्रवर्द्धन गर्नुपर्छ, असमानताहरू कम गर्नुपर्छ र समाजभित्र र समाजहरू बीच रहेको सबै प्रकारका भेदभावको अन्त्य गर्नुपर्छ,

(ग) पृथ्वीको संरक्षण गर्ने मानवजातिको नैतिक दायित्व हो ।

यी आर्थिक, सामाजिक र वातावरणीय लक्ष्यहरू एकअर्कासँग अन्तरसम्बन्धित छन् र त्यसैकारण त्यसका लागि एकीकृत समाधानहरूको खाँचो छ । ती सबैका लागि असल शासनको अभ्यास गरिनुपर्छ र जटिल प्रणालीहरूको विज्ञानलाई बुझिदिनुपर्छ ।[1]

रियो दि जेनेरियोमा जुन २०१२ मा भएको दिगो विकाससम्बन्धी राष्ट्रसंघीय सम्मेलन (रियो+२०) मा औपचारिक रूपमा दिविलका सम्वन्धमा पहिलो पटक र त्यसपछि सेप्टेम्बर २०१४ मा संयुक्त राष्ट्रसङ्घको महासभामा छलफल गरिएको थियो ।



१. स्याच (सन् २०१५) ले उल्लेख गरे जस्तै विश्वव्यापी अर्थतन्त्र, सामाजिक सन्जाल र सांसारिक जलवायु र पारिस्थितिकीय प्रणालीले प्रतिनिधित्व गर्ने जटिल प्रणालीले धक्काहरू प्रति अनियमित प्रतिकार्य प्रदर्शित गर्दछ, अर्थात प्रणालीका अन्तर्वस्तुहरूमा सामान्य परिवर्तनले पनि समग्रमा प्रणालीको कार्यसम्पादनमा ठूलो परिवर्तन ल्याउन सक्छ ।

दिविलहरूका लागि राष्ट्रसंघीय ओपेन वर्किङ्ग ग्रुप (ओडब्लुजी) ले सन् २०१६ देखि २०३० सम्मको अवधिका लागि विभिन्न प्रकारका दिगो विकासका मुद्दाहरूलाई समेट्ने गरी प्रस्तावित १६९ वटा लक्ष्यांक सहितका १७ वटा दिविलहरूमा सहमति जनायो । दिविलको थालनी जनवरी २०१६ बाट भयो र पृथ्वी, जनता र तिनको समृद्धि र शान्तिका लागि विश्वव्यापी रूपमा सहमत साझा विकासको अवधारणाका रूपमा अघि आयो । हालसम्म विश्वभरी दिविलहरूको प्रगति मापन र निगरानीका लागि २३० वटा सूचकहरू तय गरिएका छन् ।

दिविलहरूको अवलम्बन गरिनु अघि विश्वले सन् २००१ देखि २०१५ सम्मका लागि सहस्राब्दी विकास लक्ष्य (एमडीजी) हरूमा सहमति जनाएको थियो । समयमा बाँधिएका, परिणाममा निर्धारित र अनुगमन गर्न सहज भएका कारण ती धेरै हदसम्म सफल भए । यद्यपि, विभिन्न विषयक्षेत्रहरूमा विकासको कारकतत्वसम्म ती पुग्न सकेनन् । दिविल लक्ष्य र लक्ष्यांकहरूका सङ्ख्याको हकमा एमडीजीको विस्तारित रूपमा मात्र नभई तिनले असमानता र मानव अधिकार जस्ता जटिल विषयहरूलाई पनि सम्बोधन गर्ने प्रयास गर्दछन् । तिनले विकासलाई अझ बढी समग्रतामा हेर्ने गर्छन् । यद्यपि महत्वकांक्षा यति धेरै छ कि धेरै सरकारहरूले विभिन्न लक्ष्य र लक्ष्यांकहरूलाई उत्प्रेरणयुक्त भन्ने गरेका छन् ।

संघीय शासन प्रणालीलाई आफ्नो आधारशीलाका रूपमा लिदै वि.सं. २०७२ मा जारी नेपालको संविधानले नेपाललाई चुस्त र अझ बढी सन्तुलित सामाजिक तथा आर्थिक रूपान्तरणको युगमा प्रवेश गराएको छ । न्याय, शान्ति, असल शासन र दिगो विकासप्रति जनताको आकांक्षा पुरा गर्न संविधानले समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने परिकल्पना गरेको छ । संघीयताको मुख्य राजनीतिक उद्देश्य सरकारलाई जनताको नजिक पुऱ्याउनु, विकासको गति र गुणस्तरमा वृद्धि गर्नु र विकासमा जनताको सहभागिता तथा स्वामित्वका लागि स्थान उपलब्ध गराएर सार्वजनिक साधन र सेवाहरूको अझ प्रभावकारी आपूर्ति सुनिश्चित गर्नु रहेको छ । मुख्य सेवाहरू सबै नागरिकको पहुँचमा हुने र त्यसको सबै तहका सरकारहरूबाट पारदर्शी र जवाफदेही तरिकाले आपूर्ति हुने पनि अपेक्षा गरिएको छ । संवैधानिक ढाँचाले संघीय, प्रादेशिक र स्थानीय सरकारहरूलाई सहकार्यात्मक संघीयताको अभ्यास गर्नेतर्फ दिशानिर्देश गरेको छ ।

संघीयताको मुख्य राजनीतिक उद्देश्य सरकारलाई जनताको नजिक पुऱ्याउनु, विकासको गति र गुणस्तरमा वृद्धि गर्नु र विकासमा जनताको सहभागिता तथा स्वामित्वका लागि स्थान उपलब्ध गराएर सार्वजनिक साधन र सेवाहरूको अझ प्रभावकारी आपूर्ति सुनिश्चित गर्नु रहेको छ । मुख्य सेवाहरू सबै नागरिकको पहुँचमा हुने र त्यसको सबै तहका सरकारहरूबाट पारदर्शी र जवाफदेही तरिकाले आपूर्ति हुने पनि अपेक्षा गरिएको छ । संवैधानिक ढाँचाले संघीय, प्रादेशिक र स्थानीय सरकारहरूलाई सहकार्यात्मक संघीयताको अभ्यास गर्नेतर्फ दिशानिर्देश गरेको छ ।



नेपालको संविधान दिविलका सिद्धान्तहरू अनुरूप रहेको छ । विभिन्न दिविलहरूलाई संविधानमा नागरिकको मौलिक हकका रूपमा स्थापित गरिएका छन् । उदाहरणका लागि, आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी र सरसफाइ, खाद्यान्न, स्वच्छ उर्जा र आवासलाई मौलिक संवैधानिक अधिकारका रूपमा उल्लेख गरिएका छन् । यी दिविलका पनि मूल आधार हुन् । यी मध्ये धेरै संवैधानिक कार्यादेशहरू प्रादेशिक र स्थानीय सरकारहरूको क्षेत्राधिकारभित्र पर्छन् । केही जिम्मेवारीहरू संघीय, प्रादेशिक र स्थानीय सरकारहरूको साझा दायित्वमा पर्छन् । दिविलको वास्तविक कार्यान्वयनका लागि विभिन्न तहका सरकारहरूमा दिविलमा आधारित योजना निर्माण आवश्यक छ । यसका लागि दिविलहरूको स्थानीयकरण र सबै तहका सरकारहरू तथा सरोकारवालाहरूबाट एकीकृत र समन्वयात्मक प्रयासको खाँचो छ ।

हाल, संघीय सरकार जस्तै प्रदेश नं. पाँचको सरकारले पनि आगामी पाँच बर्षका लागि अद्यावधिक योजनाको तर्जुमा गरिरहेको छ । त्यसैकारण, यी दिविलहरूलाई औपचारिक रूपले योजना प्रक्रियामा मूलप्रवाहीकरण गर्ने सही समय हो । योजना अवधि र त्यसपछिको समयका लागि लक्ष्यहरू निर्धारण गर्न प्रादेशिक स्तरमा दिविलहरूको आधार तथ्याङ्क अवस्था बारेमा जानकारी हासिल गर्नु आवश्यक छ । नेपालमा नीति निर्माणको सर्वोच्च निकायका रूपमा रहेको राष्ट्रिय योजना आयोगले दिविलसम्बन्धी दुई वटा महत्वपूर्ण प्रतिवेदनहरू तयार गरेको छ :

१. दिविल अवस्था र मार्गचित्र २०१६-२०३० र
२. नेपालको दिविल आवश्यकता, खर्च र वित्तीय रणनीति ।

दुबै प्रतिवेदनहरू राष्ट्रिय प्रयासको फलस्वरूप आएका हुन् । राष्ट्रिय दिविल मार्गचित्रले दिविल कार्यान्वयनको धेरै जिम्मेवारी विद्यमान संघीय संरचनाअन्तर्गत प्रादेशिक र स्थानीय सरकारहरूतर्फ जाने कुरालाई स्वीकारेको छ । पहिलो कुरा, दिविलको मुख्य सामाजिक आधारशीलाका रूपमा रहेको अत्यावश्यक सार्वजनिक सेवाहरू हाल प्रादेशिक र स्थानीय सरकारहरूको जिम्मेवारीमा आएको छ र त्यसका लागि संवैधानिक रूपमा संघीय सरकारले वित्तीय हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । दोस्रो कुरा, दिविलहरूको प्राथमिकीकरण र क्रमिक कार्यान्वयनको कार्य अब जनताको सहभागितामा स्थानीय सन्दर्भ सुहाउँदो गरी गर्न सकिन्छ । त्यसैगरी तेस्रो, “कसैलाई पनि पछाडि नछोड्ने” र विकासका



परिणामहरूमा समता सुनिश्चित गर्नका लागि वञ्चित रहेका स्थान तथा वर्ग लक्षित कार्यक्रमहरू आवश्यक हुन्छन्, र यो कार्य सूचना र सह-अनुगमन स्थानीय रूपमा हुँदा बढी प्रभावकारी रूपमा सम्पन्न हुनसक्छ। यसले दिविलहरूको स्थानीयकरण नेपालले आफ्ना प्रतिबद्धताहरू पुरा गर्नका लागि महत्वपूर्ण छ भन्नेतर्फ सङ्केत गर्दछ।

दिविलहरूको स्थानीयकरण गर्नका लागि पहिलो कदम भनेको ती लक्ष्य र लक्ष्यांकहरूका हकमा प्रदेशको अवस्था कहाँ-कस्तो छ भनेर बुझ्न एउटा दिविलआधार तथ्याङ्क प्रतिवेदन तयार गर्नु हो। यस सम्बन्धमा प्रदेश नं. पाँचको प्रदेश योजना आयोगले सं.रा.वि.का. (यूएनडीपी) को सहयोगमा तीन सदस्यीय विज्ञ टोलीमार्फत् यो दिविलआधार तथ्याङ्क प्रतिवेदन तयार गरेको छ।

प्रदेश नं. पाँचको सिमाना उत्तरमा गण्डकी र कर्णाली प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेश र दक्षिणमा भारतको उत्तरप्रदेश राज्यसँग जोडिएको छ। यसले नेपालको कुल भूभागको १५.१ प्रतिशत (२२,२८८ वर्ग किमी) र कुल जनसङ्ख्याको १७ प्रतिशत (४४,९९,२७२) ओगटेको छ। यसमा १२ जिल्ला, ४ उपनगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिकाहरू रहेका छन्। राष्ट्रिय जनसङ्ख्या र आवास गणना (२०११) अनुसार, यो प्रदेशमा पुरुषको सङ्ख्या २१,४०,३१६ (४७.६ प्रतिशत) र महिलाको सङ्ख्या २३,५८,९५६ (५२.४ प्रतिशत) रहेको छ। सन् २००१ र २०११ बीच प्रदेशको अनुमानित औसत बार्षिक जनसङ्ख्या वृद्धिदर १.३७ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत तुलनामा केही बढी (१.३५ प्रतिशत) रहेको छ। प्रदेशमा घरपरिवारको औसत आकार ५.१ रहेको छ। (केन्द्रीय तथ्याङ्क विभाग, २०११)। ५ बर्षदेखि माथिको जनसङ्ख्याको साक्षरता दर ६६.४ प्रतिशत (पुरुषको ७५.५० प्रतिशत र महिलाको ५८.३३ प्रतिशत) रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०११)। प्रदेशको मानव विकास सूचकाङ्क (एचडीआई) ०.४६१ रहेको छ। प्रदेश नं. पाँचमा बोलिने मुख्य भाषाहरूमा नेपाली (५१.६ प्रतिशत), थारु (१२.३ प्रतिशत) र अवधी (१०.२ प्रतिशत) रहेका छन्।

भौगोलिक आधारमा प्रदेश नं. पाँचमा विकासको प्रचुर सम्भावना रहेको छ। नेपालको कुल व्यापारको दुई तिहाई भन्दा बढी व्यापार हुने भारतसँग यस



प्रदेशमा धेरै नाकाहरू जोडिनु यहाँको भौगोलिक लाभको विषय हो । प्रदेशमा व्यापार वाणिज्यका लागि सात वटा स्थापित केन्द्र र एउटा विशेष आर्थिक क्षेत्र (सेज) रहेको छ । प्रदेश आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटनको पनि केन्द्र हो, जसमा भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी पनि पर्दछ ।[२] एसियाको सबैभन्दा ठूलो उपत्यका दाङ पनि यही प्रदेशमा अवस्थित छ ।

प्रदेशमा कालीगण्डकी र कर्णाली सीमा नदीका रूपमा रहेका छन् र केही मुख्य नदीहरू (ठूलो भेरी, बबई, राप्ती, बडीगाड, तिनाउ, बाणगंगा) उर्बर भूमि भएर बग्ने गर्छन्, र त्यसले सिँचाइ उपलब्ध कृषिका लागि असीमित अवसर प्रदान गरेको छ । यसका अतिरिक्त सिँचाइ र जलविद्युत्को वहुउद्देश्यीय परियोजनाका रूपमा रहेको भेरी-बबई डाईभर्सनबाट पनि प्रदेश लाभान्वित हुनेछ ।

यहाँ केही चुनौतीहरू पनि रहेका छन्, जसमा

१) जनसाङ्ख्यिक लाभ र विप्रेषणको प्रवाहको फाइदा उठाउँदै पहाड र तराईको अर्ध-शहरी क्षेत्रमा आय र रोजगारीका अवसरहरू सिर्जना गर्ने;
२) कृषि क्षेत्रको उत्पादकत्व बढाउने र उत्पादन क्षेत्रको योगदान बढाउने;
३) सबै जनताको गुणस्तरीय स्वास्थ्य, शिक्षा, उर्जा र खानेपानी तथा सरसफाइ सेवामा पहुँच वृद्धि गर्नु र
४) आधारभूत पूर्वाधारको विकास गरेर पहाड र तराईमा जनसङ्ख्याको वितरण कायम गर्नु रहेको छ ।

त्यसका अतिरिक्त लैङ्गिक समानता, थारु, दलित, गरिब र अन्य सीमान्तकृत समुदाय र क्षेत्रको मुद्धालाई सम्बोधन गर्ने “कसैलाई पनि पछाडि नछाडिएको” सुनिश्चित गर्ने साझा एजेण्डा अत्यावश्क छ ।

आधार तथ्याङ्क प्रतिवेदन र यसको विश्लेषणले दिविलहरूको स्थानीयकरणलाई देहाय अनुसारका कार्य मार्फत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ :

(क) प्रदेशमा दिगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने,
(ख) राष्ट्रिय दिविल रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने,
(ग) राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने र
(घ) अनुगमन, मूल्याङ्कन गर्ने र अनुभवहरूबाट सिक्ने । यसले स्थानीय जनतालाई विकासका क्रियाकलपाहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउन पनि मद्दत पुऱ्याउने छ ।

२ अन्य महत्वपूर्ण स्थलहरूमा रूरूक्षेत्र, स्वर्गद्वारी, रेसुङ्गा, सिद्धबाबा, ठाकुरद्वारा, बागेश्वरी मन्दिर, अम्बिकेश्वरी मन्दिर, कालिका र मालिका मन्दिर, कालापानी मन्दिर, पाल्पा भैरवस्थान र सुपा देउराली, धारापानी शिव मन्दिर र कंके देउराली जस्ता धार्मिक स्थल र पर्यटकीय स्थलहरूमा ऐतिहासिक बाइसे-चौबीसे राज्य, तानसेन दरबार, बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज, ढोरपाटन सिकार आरक्षण, रानीमहल, विचित्र गुफा, शिव गुफा र जलजला पनि यस प्रदेशमा रहेका छन् ।



## १.२ उद्देश्यहरू

यस प्रतिवेदनको समग्र उद्देश्य प्रदेश नं. पाँचको दिगो विकासका लागि दिविल सूचक तथा लक्ष्यहरूको आधार तथ्याङ्क प्रस्तुत गर्नु रहेको छ । अझ खास रूपमा भन्नुपर्दा, यस प्रतिवेदनका उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

अ. प्रदेशका लागि राष्ट्रिय दिगो विकास लक्ष्य, अवस्था र मार्गचित्र : २०१६-२०३० मा आधारित दिविल सूचकहरू प्रस्ताव गर्नु,

आ. प्रदेशमा दिविलको अवस्थाबारे चर्चा गर्नु,

इ. प्रादेशिक तथा स्थानीय सरकारहरूका लागि लागु हुने दिविल अनुरूपको योजना र नीतिहरूका सम्बन्धमा सल्लाह सुझाव प्रदान गर्नु ।

## १.३ पद्धति र विधि

यो आधारपत्र प्रतिवेदन विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएको द्वितीय सूचना तथा तथ्याङ्क (सेकेन्डेरी इन्फरमेसन एण्ड डाटा) मा आधारित छ। हालै मात्र प्रकाशित प्रदेश नं. पाँचको प्रोफाइलका साथै राष्ट्रिय योजना आयोगको वेबसाइटमा[३] उपलब्ध प्रादेशिक दिविल आधार तथ्याङ्क प्रतिवेदनका लागि महत्वपूर्ण स्रोतका रूपमा रहे। राष्ट्रिय जनगणना र सर्वेक्षणहरूबाट उपलब्ध तथ्याङ्क र सरकारी निकायहरूबाट प्राप्त प्रशासनिक तथ्याङ्कलाई थप विश्लेषण र आवश्यकता अनुसार संग्रहित गरियो।

सूचकहरूको छनौट दुई चरणमा गरियो। पहिलो चरणमा अधिकांश सान्दर्भिक सूचकहरूको छनौट विश्वव्यापी र राष्ट्रिय दिविल सूचकहरूको सूची केलाएर गरियो। दोस्रो चरणमा, प्रदेश नं. पाँचमा दिविलहरूलाई स्थानीयकरण गर्न थप सूचकहरूको पहिचान गरियो। राष्ट्रिय सूचकहरूको आधार तथ्याङ्क अवस्था 'दिगो विकास लक्ष्यहरू : वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-२०३०' बाट साभार गरियो। उपयुक्त सूचक र आवश्यक कार्यक्रमहरूको पहिचान गर्न विभिन्न सरोकारवालाहरूको सुझाव सङ्कलन गर्न एउटा परामर्श कार्यशालाको पनि आयोजना गरियो।

## १.४ प्रतिवेदनको संरचना

यस प्रतिवेदनको पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि उल्लेख गरिएको छ। दोस्रो अध्यायले सत्र वटा दिगो विकासका लक्ष्य (दिविल)[४] हरूको व्याख्या गर्दछ। तेस्रो अध्यायमा प्रदेश नं. पाँचको दिविल सूचकहरूको आधार तथ्याङ्क अवस्था प्रस्तुत गरिएको छ। यसमा दिविल सूचकहरूबारे पर्याप्त तथ्याङ्क प्राप्त गर्न सामना गरिएका चुनौतीबारे पनि छलफल गरिएको छ। अध्याय चारमा प्रदेश नं. पाँचको प्रादेशिक योजनामा दिविलहरू एकीकृत गर्ने सम्भावित विधिहरू छलफल गरिएको छ।

अन्त्यमा, अध्याय पाँचमा दिविल लक्ष्यांकहरूको अनुगमन तथा मूल्याङ्कनका लागि सम्भावित) उपायहरू प्रस्ताव गरिएको छ, जसले गर्दा सन् २०३० भित्र लक्ष्यहरू हासिल गर्न सकियोस्। प्रतिवेदनको मुख्य भागका अतिरिक्त, परिशिष्टहरूमा सूचकहरू र सत्र वटा लक्ष्यहरू अनुरूप उनीहरूको आधार तथ्याङ्क प्रस्तुत गरिएका छन्। अनुसूची १८ मा नेपालको संविधानले व्यवस्था गरे अनुसारको दिविलहरूको हकमा प्रादेशिक क्षेत्राधिकार प्रस्तुत गरिएको छ।

---

३ रा.यो.आ. र विश्व बैंक नेपाल कार्यालयबीच प्राविधिक सहकार्य

४ दिविल १४ बाहेक



# अध्याय दुई
# दिविल लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरू



यस अध्यायमा दिगो विकास लक्ष्य र लक्ष्यांकहरूलाई संक्षेपमा उल्लेख गरिएका छन्। सूचकहरूलाई अनुसूची १ देखि १७ सम्म प्रस्तुत गरिएका छन्। ती राष्ट्रिय अवस्था र मार्गचित्र प्रतिवेदनमा आधारित छन् र त्यसमा प्रादेशिक सन्दर्भ सुहाउँदो केही समायोजन गरिएको छ।

## लक्ष्य: १

## सबै ठाउँबाट सबै स्वरूपका गरिबीको अन्त्य गर्ने



दिविल १ ले सन् २०३० सम्ममा सबै ठाउँका सबै जनताको चरम गरिबी उन्मूलन गर्ने प्रस्ताव गर्दछ। यस क्रममा यसले राष्ट्रिय रूपमा परिभाषित गरिबीको सीमा मुनि रहेका सबै उमेरका पुरुष, महिला र बालबालिकाको अनुपात उल्लेखनीय रूपमा घटाउने लक्ष्य लिएको छ (लक्ष्यांक १.१ र १.२)। यस प्रक्रियामा गरिब र विपन्न माथि लक्षित राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली तथा उपायहरूको कार्यान्वयन गरिने परिकल्पना गरिएको छ (लक्ष्यांक १.३)। यसले आर्थिक स्रोत, प्राकृतिक स्रोत र प्रविधिका साथै आधारभूत सेवाहरूको पहुँचमा समान अधिकार सुनिश्चित गर्ने पनि लक्ष्य लिएको छ (लक्ष्यांक १.४)। यो लक्ष्यले गरिब र विपन्नहरूको उत्पादनशील क्षमता मजवुत बनाई विपद् तथा जलवायुसँग सम्बन्धित संकटबाट सिर्जित आर्थित, सामाजिक र वातावरणीय नकारात्मक प्रभाव घटाउनेतर्फ पनि चासो राख्दछ। एक चौथाई जनसङ्ख्या चरम गरिबीको रेखामुनि र २९.९ प्रतिशत जनता बहुआयामिक गरिबीमा बाँचिरहेको अवस्थामा रहेकोले यो लक्ष्य महत्वपूर्ण रहेको छ। वहुआयामिक गरिबीमा यो प्रदेश दोस्रो स्थानमा रहेको छ।



# लक्ष्य : २

## भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्धन गर्ने



यस लक्ष्यले सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने र सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा सबै जनताको बर्षैभरी पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ (लक्ष्यांक २.१) । लक्ष्यले सबै प्रकृति र स्वरूपका कुपोषणको अन्त्य गर्ने पनि उद्देश्य लिएको छ (लक्ष्यांक २.२) त्यसका लागि कृषिजन्य उत्पादकत्वमा (लक्ष्यांक २.३) र सानास्तरका खाद्यान्न उत्पादकहरूको आयमा दोब्बर वृद्धि गर्ने र खाद्यान्न उत्पादन प्रणालीमा पहुँच र सुधार सुनिश्चित गर्ने कार्य समावेश छन् । यसले दिगो खाद्यान्न उत्पादन प्रणालीको सुनिश्चितता गर्ने र उत्थानशील कृषिजन्य अभ्यासहरूको कार्यान्वयन गर्ने लक्ष्य पनि लिएको छ । लक्ष्यांक २.५ ले दिगो खाद्यान्न उत्पादन प्रणालीलाई सहयोग पुऱ्याउन बीउको अनुवंशिक विविधता कायम राख्ने, वनस्पति खेती गर्ने र व्यावसायिक तथा घरेलु पशुपालन गर्ने पनि लक्ष्य लिएको छ । प्रदेशमा खाद्यान्न बचत भए तापनि प्रदेशभित्र खाद्यान्न वितरण र पहुँचमा समानता छैन । ठूलो सङ्ख्यामा मानिसहरू कुपोषणबाट ग्रस्त छन्, जुन यस प्रदेशमा उच्च बहुआयामिक गरिबीको मुख्य कारणहरूमध्ये एक हो ।



# लक्ष्यः ३

## सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने

सन् २०३० सम्म मातृमृत्युदर प्रति १००,००० जीवित जन्ममा ७० भन्दा कममा पुऱ्याउने (लक्ष्यांक ३.१) स्वस्थ जीवन र समृद्ध जीवनस्तरसम्बन्धी दिविल ३ को एउटा लक्ष्यांक हो । यसले नवजात शिशु र पाँच बर्षमुनिका बालबालिकाको निवारण गर्न सकिने मृत्युलाई अन्त्य गर्ने लक्ष्य लिएको छ (लक्ष्यांक ३.२) । स्वास्थ्य र समृद्ध जीवनको प्राप्ति एड्स, क्षयरोग, औलो र उपेक्षित उष्ण प्रदेशीय रोगहरू जस्ता महामारीको अन्त्यको लक्ष्य राख्दै र हेपाटाइटिस, पानीजन्य रोग र अन्य सरुवा रोगहरूको नियन्त्रण गरेर हासिल गर्ने लक्ष्य रहेको छ । (लक्ष्यांक ३.३) । यस लक्ष्यले निवारण तथा उपचार र मानसिक स्वास्थ्य तथा समृद्धिमार्फत् नसर्ने रोगहरूबाट हुने असामयिक मृत्युदरलाई पनि कम गर्ने उद्देश्य लिएको छ (लक्ष्यांक ३.५) । यस क्रममा यसले लागु पदार्थ दुरूपयोग र मादक पदार्थको हानिकारक प्रयोगको निवारण तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने लक्ष्य लिएको छ (लक्ष्यांक ३.४) । यस लक्ष्यमा सन् २०२० सम्ममा विश्वव्यापी रूपमा सडक दुर्घटनाबाट हुने मृत्यु र घाइतेहरूको सङ्ख्यालाई आधा घटाउने पनि रहेको छ (लक्ष्यांक ३.६) । यसले सन् २०३० सम्ममा परिवार नियोजन, सूचना तथा शिक्षासहित यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरूमा सर्वव्यापी पहुँच र राष्ट्रिय रणनीति तथा कार्यक्रमहरूमा प्रजनन् स्वास्थ्यलाई एकीकृत गर्ने पनि परिकल्पना गरेको छ (लक्ष्यांक ३.७, ३.८ र ३.९) । उच्च बालमृत्युदर यस प्रदेशमा रहेको उच्च बहुआयामिक गरिबीको कारणहरू मध्ये एक हो । यस लक्ष्यलाई हासिल गर्न यस प्रदेशले गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच उपलब्ध गराउनु आवश्यक रहेको छ ।



# लक्ष्य: 4

## सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

यस लक्ष्यले सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरू हासिल हुने गरी सबै छात्रछात्राले नि:शुल्क तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पुरा गरेको सुनिश्चित गर्ने प्रयास गर्दछ (लक्ष्यांक ४.१)। यसले गुणस्तरीय प्रारम्भिक बालविकास र छात्रछात्राको पूर्व प्राथमिक शिक्षामा पहुँच उपलब्ध गराउने उद्देश्य लिएको छ (लक्ष्यांक ४.२)। गुणस्तरका साथै लक्ष्य ४ ले गुणस्तरीय शिक्षाको सर्वसुलभता (लक्ष्यांक ४.३) र ठूलो प्रतिशतमा युवा तथा वयस्कहरूमा सान्दर्भिक प्राविधिक र व्यावसायिक सीपहरू रहेको सुनिश्चित गर्ने कार्य (लक्ष्यांक ४.५) लाई प्राथमिकता प्रदान गर्दछ। लक्ष्यले शिक्षामा लैङ्गिक असमानता हटाउने र संकटासन्न समूहहरूका लागि सबै तहको शिक्षा र व्यावसायिक तालिममा समान पहुँच सुनिश्चित गर्ने पनि उद्देश्य लिएको छ (लक्ष्यांक ४.६; ४.७)। यो लक्ष्यको लक्ष्य ५ सँग अन्तरसम्बन्धित प्रभाव रहेको छ।

यो लक्ष्य पुरा गर्नका लागि सन्तुलित तरिकाले गुणस्तरमा सुधारसहित शिक्षामा पहुँच बढाउन आवश्यक छ। यो प्रदेशमा यस लक्ष्य पुरा गर्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षामा केन्द्रित हुन आवश्यक छ।



# लक्ष्य: ५

## लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकाहरूको सशक्तीकरण गर्ने

लक्ष्य ५ ले महिला, किशोरी र बालिकाहरू विरुद्ध हुने सबै प्रकारका भेदभाव सबै स्थान र क्षेत्रबाट अन्त्य गर्ने (लक्ष्यांक ५.१) र महिला, किशोरी र बालिकाहरू विरुद्ध सार्वजनिक तथा निजी क्षेत्रमा हुने सबै प्रकृतिका हिंसाको अन्त्य गर्ने (लक्ष्यांक ५.२) उद्देश्य लिएको छ। यसले बालविवाह र महिला जननेन्द्रिय छेदन जस्ता सबै कुप्रथाहरूको उन्मूलन गर्ने (लक्ष्यांक ५.३) लक्ष्य पनि लिएको छ। अवैतनिक हेरचाहजन्य र घरेलु श्रमको मूल्यपहिचान गरिने सामाजिक तथा आर्थिक पक्षलाई लक्ष्यांक ५.४ मा समेटिएको छ। लक्ष्यले सार्वजनिक जीवनमा महिलाको पूर्ण तथा प्रभावकारी सहभागितालाई लक्ष्यांक ५.५मा समेटेको छ। यसले राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनको हरेक तहमा नेतृत्वका लागि समान अवसर सुनिश्चित गर्ने उद्देश्य पनि लिएको छ। यसले यौन तथा प्रजनन् स्वास्थ्य र प्रजनन् अधिकारमा सर्वव्यापी पहुँच पनि उल्लेख गरेको छ (लक्ष्यांक ५.६)।



# लक्ष्य: ६

## सबैका लागि खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने



दिगो विकास लक्ष्य ६ ले सबैका लागि सुरक्षित र खर्चले धान्न वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समतामूलक पहुँच हासिल गर्ने परिकल्पना गर्दछ (लक्ष्यांक ६.१) । लक्ष्यले सबैका लागि पर्याप्त र समतामूलक सरसफाइ र स्वच्छता उपलब्ध गराउने र खुला दिसा-पिसाब गर्ने अभ्यासको अन्त्य गर्ने (लक्ष्यांक ६.२) उद्देश्य लिएको छ । लक्ष्य प्रदुषण तथा हानिकारक रसायन र वस्तुहरूको विसर्जन कार्यको न्यूनीकरण गरेर पानीको गुणस्तरमा सुधार ल्याउने लक्ष्य (लक्ष्यांक ६.३) पनि रहेको छ । यसमा सबै क्षेत्रमा पानी-प्रयोग कुशलतालाई उल्लेख्य मात्रामा सुधार गर्ने र सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन लागु गर्ने कार्यमा पनि समावेश छन् । त्यस क्रममा लक्ष्यले हिमाल, वन, जलाधार, नदी, भूमिगत जलभण्डार र ताल-तलैयाहरू सहित पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीको संरक्षण र पुनर्स्थापना गर्ने पनि प्रयास गर्नेछ (लक्ष्यांक ६.४, ६.५ र ६.६) ।



भैरहवा स्थित Envipower Energy and Fertilisers Pvt. Ltd. ले खेर गएको खाना, कृषिजन्य पदार्थ र गोवरबाट Compressed Natural Gas (CNG) र जैविक मलखाद उत्पादन गर्दछ। फोटोः अभिरथ अग्रवाल

# लक्ष्यः ७

## खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने

दिगो विकास लक्ष्य ७ ले खर्चले धान्न सकिने, भरपर्दो र आधुनिक उर्जा सेवाहरूमा सर्वप्यापी पहुँच प्राप्त गर्ने (लक्ष्यांक ७.१), उर्जाहरूको समिश्रणमा नवीकरणीय उर्जाको हिस्सा उल्लेखनीय रूपमा बढाउने (लक्ष्यांक ७.२) र उर्जा दक्षताको सुधारको दर दोब्बर गर्ने (लक्ष्यांक ७.३) उद्देश्य लिएको छ। लक्ष्यांकहरू ७.१, ७.२ र ७.३ ले आधुनिक उर्जा प्रणालीको पहुँचलाई सर्वव्यापी र दक्ष बनाउने प्रयास गर्छन्। यस लक्ष्यका लागि परम्परागत प्रकृतिको उर्जाको प्रयोगलाई कम गर्न आवश्यक छ, र त्यस प्रकृतिको उर्जाले यस प्रदेशमा अझै पनि ठूलो हिस्सा ओगटेको छ।



# लक्ष्य : ८

## स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, र सबैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रवर्द्धन गर्ने

यस लक्ष्यले कम्तीमा पनि बार्षिक ७ प्रतिशत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादनको वृद्धिलाई हासिल गरी कायम राख्ने (लक्ष्यांक ८.१), विविधीकरण, प्राविधिक स्तरोन्नति र नव प्रवर्तन्मार्फत् उच्चस्तरको उत्पादकत्व हासिल गर्ने (लक्ष्यांक ८.२) उद्देश्य लिएको छ । सबै महिला र पुरुषका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम हासिल गर्ने (लक्ष्यांक ८.३), स्रोतको दक्षतामा सुधार गर्ने (लक्ष्यांक ८.४), निकृष्ट प्रकृतिको बालश्रमको उन्मूलन गर्ने (लक्ष्यांक ८.७), र सबैका लागि वित्तीय सेवाहरूको विस्तार (लक्ष्यांक ८.१०) पनि यस बृहत लक्ष्यका महत्वपूर्ण सम्बद्ध लक्ष्यांकहरू हुन् ।



# लक्ष्य : ९

## उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने

दिविल ९ ले आर्थिक विकास र मानव समृद्धिलाई सघाउ पुऱ्याउन क्षेत्रीय तथा सीमापार पूर्वाधार सहित गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधारको विकास गर्ने उद्देश्य बोकेको छ (लक्ष्यांक ९.१)। यस क्रममा यसले समावेशी र दिगो औद्योगीकरणलाई प्रवर्द्धन गर्ने प्रयास गर्दछ (लक्ष्यांक ९.२)। यसले मूल्य शृङ्खलाको विकास गरी बजार एकीकृत गर्न सानास्तरका औद्योगिक र अन्य उद्यमहरूको पहुँच बढाउने उद्देश्य लिएको छ (लक्ष्यांक ९.३)। साथै लक्ष्यांकहरूले निर्माण गरिएको पूर्वाधार उत्थानशील भएको सुनिश्चित गर्ने (लक्ष्यांक ९.४) र वैज्ञानिक अनुसन्धान बढाउने प्रयास गर्दछन् (लक्ष्यांक ९.५)। पूर्वाधारको कमीले यस प्रदेशमा उपलब्ध साधनस्रोत र उत्पादक क्षमतालाई पूर्ण रूपमा उपयोग गर्न व्यवधान खडा गरिरहेको छ। यिनै अवस्थाले प्रदेश नं. पाँचमा यस लक्ष्यलाई हासिल गरिनु पर्ने माग गर्दछ।



# लक्ष्य: १०

## मुलुकभित्र र मुलुकहरू बीचको असमानता न्यून गर्ने

लक्ष्य १० ले जनसङ्ख्याको तल्लो ४० प्रतिशतको आय वृद्धिलाई राष्ट्रिय औसत भन्दा उच्च दरमा हासिल गरी कायम गर्ने परिकल्पना गर्दछ (लक्ष्यांक १०.१) । यसका लागि यसले सबैको सामाजिक, आर्थिक र राजनीतिक समावेशीकरणलाई सशक्त बनाउँदै त्यसको प्रवर्द्धन गर्ने सोंच लिएको छ (लक्ष्यांक १०.२) । यसले समान अवसरको मापन गरी परिणाममा रहेका असमानताहरू कम गर्ने उद्देश्य लिएको छ (लक्ष्यांक १०.३) । नीतिहरू, विशेषगरी वित्त, ज्याला र सामाजिक सुरक्षा नीतिहरूको अवलम्बन गरी व्यापक भई रहेको प्रयासलाई सहयोग गर्ने र प्रगतिशील ढंगले उच्च समानत कायम गर्ने (लक्ष्यांक १०.४) उद्देश्य लिएको छ । अन्य लक्ष्यांकहरू प्रादेशिक सरकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित छैनन् ।



# लक्ष्य : ११

## शहर तथा मानवबस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

यस लक्ष्यले सबैका लागि पर्याप्त, सुरक्षित र आर्थिक रूपले धान्न सकिने आवास र आधारभूत सेवाहरूमा पहुँच उपलब्ध गराउने र अव्यवस्थित बस्तीहरूको स्तोरन्नति गर्ने प्रयास गर्दछ (लक्ष्यांक ११.१) । यसले सबैका लागि सुरक्षित, धान्न सकिने, सर्वसुलभ र दिगो यातायात प्रणालीमा पहुँच सुनिश्चित गर्दै समावेशी तथा दिगो शहरीकरणलाई विस्तार गर्दछ (लक्ष्यांक ११.२ र ११.३) । यसले विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने र विपद्बाट कुल गार्हस्थ्य उत्पादन हुने आर्थिक हानीनोक्सानीलाई उल्लेखनीय रूपमा कम गर्ने पनि लक्ष्य लिएको छ (लक्ष्यांक ११.४) । यसले महिला तथा बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित, समावेशी र सर्वसुलभ हरित तथा सार्वजनिक स्थानहरूमा सर्वव्यापी पहुँच प्रदान गर्ने उद्देश्य पनि बोकेको छ । यस प्रदेशमा द्रुत गतिमा भएको शहरीकरण र आप्रवासनलाई दृष्टिगत गर्दा यहाँ यो लक्ष्यलाई पनि विशेष ध्यान दिन आवश्यक छ ।



# लक्ष्य: १२

## दिगो उपभोग र उत्पादनका अभ्यासहरू सुनिश्चित गर्ने

यो लक्ष्यले दिगो उपभोग र उत्पादनसम्बन्धी १० बर्षीय कार्यक्रमको रूपरेखाको कार्यान्वयनको प्रस्ताव गर्दछ जसले गर्दा सन् २०३० सम्ममा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र कुशल प्रयोग हासिल गर्नेछ (लक्ष्यांक १२.१ र १२.२)। यसले सन् २०३० सम्म प्रति व्यक्ति खाद्यवस्तुको दुरूपयोगलाई खुद्रा र उपभोक्ताको स्तरमा आधाले घटाउने पनि सोंच लिएको छ (लक्ष्यांक १२.३)। साथै, यसले रसायन र सबै फोहोरहरूको जीवनचक्रभर वातावरणीय रूपमा असल व्यवस्थापनलाई सुनिश्चित गर्दछ (लक्ष्यांक १२.४)। वातावरणको असल व्यवस्थापनलाई सघाउ पुऱ्याउन, यसले निवारण, न्यूनीकरण, पुनः प्रशोधन र पुनः प्रयोग मार्फत् फोहोरमैलाको उत्पादनलाई उल्लेखनीय रूपमा कम गर्ने पनि उद्देश्य लिएको छ (लक्ष्यांक १२.५)। साथै, यसले प्रकृतिसँग संगतिपूर्ण दिगो विकास तथा जीवनशैलीका लागि सुहाउँदो सूचना र चेतना पनि सुनिश्चित गर्दछ (लक्ष्यांक १२.६)।



# लक्ष्यः १३

## जलवायु परिवर्तन र त्यसका असरलाई नियन्त्रण गर्न तत्काल कदम चाल्ने

दिविल १३ जलवायु परिवर्तनसम्बन्धी जोखिम र प्राकृतिक विपद्लाई सबै देशहरूमा उत्थानशीलता र अनुकूलन क्षमता सुदृढ गराउने बारेमा रहेको छ। यसले जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीति, रणनीति र योजनाहरूमा एकीकृत गर्ने सोंच बनाएको छ। साथै, यसले शिक्षा र चेतनामा सुधार ल्याउने र जलवायु परिवर्तनको न्यूनीकरण, अनुकूलन, प्रभाव न्यूनीकरण र पूर्व चेतावनीसम्बन्धी मानव तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने लक्ष्य लिएको छ।

यी लक्ष्यांकहरू लक्ष्य ११ सँग उल्लेखनीय रूपमा अन्तरसम्बन्धित छन् किनभने उर्जा प्रयोग र कार्बनडायअक्साइड उत्सर्जनको केन्द्रविन्दुमा शहरहरू रहने गर्छन्। यो लक्ष्य प्रदेश नं. पाँचको द्रुत शहरीकरणसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ, जहाँ जलवायु-उत्थानशील पूर्वाधार निर्माण गर्ने ठूलो अवसर विद्यमान छ। जलवायु परिवर्तनको प्रभाव यस प्रदेशमा सुक्दै गएका पानीका स्रोतहरू र कृषिजन्य उत्पादनलाई प्रभावित गर्ने अनियमित बर्षामा देखिएको छ।



# लक्ष्य : १५

## पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरू-को दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरूभूमीकरण विरूद्ध लड्ने र भूक्षय रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने

यो लक्ष्यले भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणाली र त्यसका सेवाहरूको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोगलाई बल पुऱ्याउने काम गर्दछ । यसले सबै प्रकारका वनहरूको दिगो व्यवस्थापनको प्रवर्द्धन गर्ने र मरभूमीकरणलाई रोक्ने पनि लक्ष्य लिएको छ । यसको उद्देश्य पर्वतीय पारिस्थितिकीय प्रणाली र त्यसको जैविक विविधतालाई संरक्षण गरी सन् २०३० सम्ममा दिगो विकासलाई आवश्यक लाभहरू उपलब्ध गराउने उनीहरूको क्षमतामा वृद्धि गर्ने पनि रहेको छ । यस प्रदेशमा वनको क्षेत्रफल कुल क्षेत्रफलको आधाभन्दा बढी रहेको छ, जसलाई आर्थिक विकासका लागि एउटा महत्वपूर्ण प्राकृतिक स्रोतको रूपमा लिन सकिन्छ । त्यसैकारण त्यसको दिगो प्रयोग यस प्रदेशको सन्तुलित विकासका लागि आवश्यक छ ।



## लक्ष्य: १६



## दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गर्ने

यो लक्ष्यमा मुख्यत: समावेश भएका लक्ष्यांकहरूमा सबै प्रकारका हिंसा र सम्बन्धित मृत्युदरलाई सबै ठाउँमा उल्लेखनीय रूपमा कम गर्ने, बालबालिका विरुद्ध हुने दुर्व्यवहार, शोषण, बेचबिचखन र सबै प्रकारका हिंसा र यातनाको अन्त्य गर्ने रहेका छन् । यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विधिको शासनको प्रवर्द्धन गर्ने र सबैका लागि न्यायमा समान पहुँच सुनिश्चित गर्ने प्रयास गर्दछ । लक्ष्यले अवैधानिक वित्तीय तथा हातहतियारको ओसारप्रसारको न्यूनीकरण, चोरी भएका सम्पत्ति पुन:प्राप्त र फिर्ता गर्ने कार्यलाई सुदृढ गर्ने र सबै प्रकृतिका संगठित अपराधको नियन्त्रण गर्ने उद्देश्य बोकेको छ । भ्रष्टाचार र घुसखोरीलाई त्यसका सबै रूपमा न्यून गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरूको निर्माण गर्ने कार्य पनि लक्ष्य अन्तर्गत रहेका छन् । अन्य सबै दिगो विकासका लक्ष्यहरू हासिल गर्नका लागि प्रभावकारी, जावफदेही र समावेशी संस्थाहरू महत्वपूर्ण छन् । लक्ष्य १६ का लागि, प्रदेश र स्थानीय सरकारहरूका लागि विशेष सान्दर्भिक रहेका लक्ष्यांकहरूमा हिंसासम्बन्धी लक्ष्यांक १६.१, सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरूसम्बन्धी लक्ष्याङ्क १६.६, सबै तहमा जिम्मेवार, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रियासम्बन्धी लक्ष्यांक १६.७ र जन्म दर्तासम्बन्धी लक्ष्यांक १६.९ रहेका छन् । लक्ष्यांक १६.६ र १६.७ विशेष महत्वका छन् किनभने तिनले लक्ष्य ११ लाई सहयोग गर्छन् ।



# लक्ष्य: १७

## दिगो विकासका लागि कार्यान्वयनको माध्यम सुदृढ गर्ने र विश्वव्यापी साझेदारीलाई पुन: जीवन्त तुल्याउने

दिविल १७ ले आन्तरिक स्रोत परिचालनलाई सुदृढ तुल्याउने प्रयास गर्दछ । यसले विकसित राष्ट्रहरूबाट आधिकारिक विकास सहायताको पूर्ण कार्यान्वयन, बहुस्रोतहरूबाट विकासोन्मुख राष्ट्रहरूका लागि अतिरिक्त वित्तीय स्रोतको परिचालन, दिगो विकासका लागि नीतिगत एकरूपतामा वृद्धि र सुदृढ तथ्याङ्क, अनुगमन र तथ्याङ्कीय क्षमता लगायतका लक्ष्यहरू बोकेको छ । लक्ष्य १७.१ आन्तरिक स्रोत परिचालनमा केन्द्रित छ र यसलाई संघीय सन्दर्भमा प्रादेशिक र स्थानीय सरकारहरूको वित्तीय क्षमतासँग जोड्न सकिन्छ । दिविलहरू हासिल गर्नका लागि सबै प्रकारका सरोकारवालाहरूसँग साझेदारी आवश्यक हुन्छ । यस प्रदेशलाई संघीय सरकारको सहयोगको मात्र खाँचो होइन जसमा विकास साझेदारहरू पनि जोडिन सक्छ, स्थानीय सरकार, गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र नागरिक समाजका साथै राजनीतिक दल र सामाजिक संस्थाहरूको सहयोगको आवश्यकता छ ।

# अध्याय तीन
# प्रदेश नं. पाँच को दिविल सूचकहरूको आधार तथ्याङ्कको अवस्था

यस अध्यायमा प्रदेश नं. पाँचका लागि पहिचान गरिएका सूचकहरूको आधारमा प्रदेशको दिविल आधार तथ्याङ्क अवस्थाको चर्चा गरिएको छ। लक्ष्य, लक्ष्यांक, व्याख्या र मानसहित सूचकहरूको विस्तृत सूची परिशिष्ट १-१७ मा दिइएको छ। देहायको भागलाई बृहत रूपमा तीन वटा क्षेत्र (सामाजिक, आर्थिक र जीवमण्डल/वातावरण) मा वर्गीकरण र शृङ्खलावद्ध गरिएको छ। समग्रमा यस पछाडिको तर्क के हो भने अर्थतन्त्रले वातावरणीय रूपमा दिगो सञ्चालन भएर समाजलाई सेवा पुऱ्याउँछ।

## क. समाज

प्रदेश नं. पाँचको गरिबीको बस्तुस्थितिले राष्ट्रिय अवस्थालाई प्रतिबिम्वित गर्छ। राष्ट्रिय गरिबीको स्तरलाई सामान्यतया एउटा व्यक्तिलाई बाँच्नका लागि आवश्यक न्यूनतम स्रोतको प्रतिनिधित्व गर्ने मानिएको एउटा मानकभन्दा कम आय भएका जनसङ्ख्याको प्रतिशतका रूपमा मापन गरिन्छ। प्रदेश नं. पाँचमा राष्ट्रिय गरिबी रेखाको आधारमा गरिबीको दर (हेड काउन्ट रेट) २४.५ प्रतिशत रहेको छ। गरिबीको रेखामुनि बालबालिकाको हिस्सा २९.२ प्रतिशत रहेको बताइन्छ। प्रति दिन १.९ अमेरिकी डलरमा मापन गरिने गरिबीको दर १४.१ प्रतिशत गणना गरिएको छ, जसको अर्थ यस प्रदेशमा झण्डै १२ लाख मानिस प्रति दिन १.९ अमेरिकी डलरभन्दा कममा बाँचिरहेका छन्।

मौद्रिक गरिबीका मापनहरूलाई बहुआयामिक गरिबीसँग तुलना गरेर हेरिनु महत्वपूर्ण छ। बहुआयामिक गरिबी सूचकाङ्क (ब.ग.सू.) ले सम्मानजनक जीवन सुनिश्चित गर्न अत्यावश्यक शिक्षा, स्वास्थ्य र जीवनस्तर जस्ता आयामहरूमा समानान्तर रूपमा जनताले सामना गर्ने अति वञ्चितीकरणलाई प्रतिबिम्वत गर्छ। यस प्रदेशमा बहुआयामिक गरिबीको सुचकाङ्क ०.१३३ रहनुको अर्थ यदि सबै जनताले सबै सूचकहरूमा वञ्चितीकरणको सामना गर्ने हो भने कुल वञ्चितीकरणको १३.३ प्रतिशत प्रदेश नं. पाँचका बहुआयामिक रूपमा गरिब जनताले सामना गर्छन्। बहुआयामिक गरिबी सूचकाङ्क कुल गणना दर र प्रबलता (इन्टेन्सीटी) को उपज हो, जहाँ कुल गणना सूचकाङ्क २९.९ र गरिबीको प्रबलता ४४.३ रहेको छ। यसले के देखाउँछ भने झण्डै ३० प्रतिशत जनसङ्ख्या बहुआयामिक रूपमा गरिब छन्, र बहुआयामिक रूपमा पहिचान गरिएकाहरू शिक्षा, स्वास्थ्य र जीवनस्तरसँग सम्बन्धित सूचकहरूको ४४.३ प्रतिशतमा वञ्चित रहेका छन्।

साथै, प्रदेश नं. पाँच नेपालको १६.५ प्रतिशत जनसङ्ख्या सहित चौथो ठूलो प्रदेश भएको हुनाले यस प्रदेशमा १५ लाख बहुआयामिक गरिबी सूचकाङ्कका (ब.ग.सू.) गरिबहरू बसोबास गर्छन् र यो सङ्ख्या राष्ट्रिय रूपमा दोस्रो ठूलो हो।



रेखाचित्र १: प्रदेश नं. ५ मा गरिबी




**स्रोत[५] : क, ग, घ (केन्द्रीय तथ्याङ्क विभाग, २०११); ख (केन्द्रीय तथ्याङ्क विभाग)**

गरिबी बहुआयामिक प्रवृत्ति हो र त्यसकारण सामाजिक संरक्षण (लक्ष्यांक १.३); अधिकार, स्रोतमा पहुँच र नियन्त्रण (लक्ष्यांक १.४) र उत्थानशीलता निर्माण सहित विविध प्रकारका साधनहरूको माग गर्दछ। त्यसैकारण गरिबी धेरै तरिकाले अन्य लक्ष्यहरू जस्तै लक्ष्य २ बाट अविभाज्य छ भनेर तर्क गर्न सकिन्छ। गरिबी न्यूनीकरणलाई कृषिजन्य उत्पादकत्व र साना किसानको आम्दानीले बल प्रदान गर्दछ। खेतीयोग्य जमिनको उपलब्धता र कृषि मुख्य पेशाका रूपमा रहेको अवस्थालाई दृष्टिगत गर्दा यस प्रदेशमा कृषिजन्य उत्पादकत्व माथिल्लो स्तरमा रहेको छ। प्रदेश नं. पाँचमा प्रतिव्यक्ति खाद्यान्न उत्पादन[६] २२० केजी रहेको छ, जबकी राष्ट्रिय प्रतिव्यक्ति खाद्यान्न उत्पादन १९२ केजी रहेको छ (कृषि विभाग, २०१७)।[७] यद्यपि, साना खाद्यान्न उत्पादकहरूको औसत बार्षिक आम्दानी कम अर्थात् रु ३१,८१४ रहेको छ र करिव ४४.९ प्रतिशत जनसङ्ख्या आफ्नो दुई तिहाई उपभोग खाद्यान्नमा खर्च गर्छन्। खाद्यान्नमा कुल खर्चको मापन गर्नु महत्वपूर्ण छ किनभने मानिसहरू मौद्रिक सिंढीमा माथि उक्लिने क्रममा आयमा खाद्यान्न खर्चको हिस्सा घट्ने गरेको बुझिन्छ। खाद्यान्नमा खर्चसम्बन्धी सूचकले गरिबीबाट जनतालाई माथि उठाउने र खाद्य सामग्री धान्न सक्ने

५. सर्वेक्षणको तथ्याङ्क समूहबाट विश्व बैंकका कर्मचारीले गरेका गणना (बहुआयामिक सूचकाङ्क बाहेक, जुन रा.ओ.आ./अक्फोर्ड एमपीआई प्रतिवेदनमा उल्लेख गरिएको छ)

६. खाद्यान्नमा चामल, गहुँ, कोदो, जौ, फापर समावेश छ।

७. कृषिजन्य तथ्याङ्क २०१७ ले प्रादेशिक तथ्याङ्क उपलब्ध गराउँदैन, प्रादेशिक तहको तथ्याङ्क निकाल्न कृषिजन्य तथ्याङ्कबाट प्राप्त जिल्लास्तरीय तथ्याङ्कलाई प्रयोग गरिएको हो।

क्षमता बढाउने प्रादेशिक आकांक्षालाई अर्थपूर्ण पृष्ठपोषण पनि उपलब्ध गराउँछ। साथै, धान्न सक्ने क्षमतालाई उत्पादकत्वमा भएको वृद्धि र खाद्यन्नको उपलब्धताले पनि बल पुऱ्याउने काम गर्छ।
खाद्यन्नको धान्न सक्ने क्षमता र उपलब्धताले जनताको स्वास्थ्य र समग्र समृद्धिलाई बल पुऱ्याउने काम गर्छन्। प्रदेश नं. पाँचमा प्रजनन् उमेरका करिव ३६.४ प्रतिशत महिला रक्तअल्पताबाट पीडित छन्। रक्त अल्पतालाई "अदृश्य भोकमरी" बराबर बुझिन्छ, जसको उपस्थितिले कमजोर गर्भावस्था परिणाम निम्त्याउँछ र शारीरिक र मानसिक विकासमा अवरोध सिर्जना गर्छ।
पाँच बर्ष मुनिका बालबालिकामा कुपोषणको दर यस प्रदेशमा ७.६ प्रतिशत रहेको छ। महिलाहरूले मापदण्ड अनुसार प्रसवोत्तर सेवा (रेखाचित्र २) लिने हो भने कुपोषण न्यूनीकरणलाई सहयोग पुऱ्याउछ। प्रदेश नं. पाँचमा कुपोषण राष्ट्रिय स्तर भन्दा दुई प्रतिशत कम छ। कुपोषण कम गर्नमा सहयोग पुऱ्याउने अन्य पक्षहरू पनि छन् जस्तै शिक्षा, सरसफाइ र स्वच्छता।

रेखाचित्र २: कुपोषण र प्रसवोत्तर सेवा




**स्रोत: स्वास्थ्य मन्त्रालय, २०१६**

सन् २०३० एजेण्डामा स्वास्थ्य र अन्य सामाजिक तथा आर्थिक लक्ष्यांकहरूबीच विविध  अन्तर्क्रिया रहेको कुरामा बलियो वैज्ञानिक सहमति छ। स्वास्थ्यका परिणामहरू पहुँच योग्यता, धान्न सक्ने क्षमता र शिक्षाबाट बलियो रूपमा प्रभावित हुन्छन्। यस प्रदेशमा झण्डै ५२ प्रतिशत घरपरिवारहरू कुनै स्वास्थ्य केन्द्रको ३० मिनेटको दुरीमा बसोबास गर्छन् र जनसङ्ख्याको ८.२ प्रतिशतले घरपरिवारको आम्दानीको ठूलो प्रतिशत स्वास्थ्यमा खर्च गर्ने गरेको बताइन्छ।
प्रदेशमा नवजात शिशुको मृत्युदर हरेक १,००० जीवित जन्ममा ३० रहेको छ भने पाँच बर्षमुनिको मृत्युदर हरेक १,००० जीवित जन्ममा ४५ रहेको छ; ५८ प्रतिशत महिलाहरूले मापदण्ड अनुसारको चार पटक प्रसवपूर्व स्वास्थ्य जाँच सेवा लिने गरेका छन् (रेखाचित्र ३)। प्रदेशमा स्वास्थ्य केन्द्रमा गएर बच्चा जन्माउने अभ्यास पनि सवैभन्दा उच्च प्रतिशत रहेको छ, जहाँ ८९ प्रतिशत शिशुहरूले डीपीटी, हेपेटाइटिसबी, एचआइभी खोपको तीन मात्रा लिने गरेका छन्। नवजात मृत्युदर कम गर्ने थप उपायहरूमा सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छतामा पहुँचका साथै आधारभूत स्वास्थ्य सेवा, खाद्यान्न र शिक्षामा पहुँचसँग सम्बन्धित छन्।

रेखाचित्र ३ : नवजात मृत्युदर र प्रसवपूर्व हेरचाह




स्रोत : स्वास्थ्य मन्त्रालय, २०१६

यस प्रदेशमा १५ बर्षदेखि माथि उमेरका करिब २५.६ प्रतिशत पुरुष र ३० प्रतिशत महिला उच्च रक्तचापबाट पीडित भई औषधी सेवन गरिरहेका छन् । यो नसर्ने मुटुसम्बन्धी रोग (सिभीडी) का लागि सबैभन्दा प्रमुख जोमिख तत्व हो, जुन अस्वस्थर खाना, विशेषगरी उच्च सोडियम क्लोराइड भएको खाना र शारीरिक निष्क्रियतासँग सम्बन्धित छ ।

रेखाचित्र ४ : साक्षरता दर




स्रोत : ने.ज.स्वा.स. २०१६ सर्वेक्षणको तथ्याङ्कबाट विश्व बैंकको आँकलन

विभिन्न दिविलहरू, विशेषगरी गरिबी, स्वास्थ्य, लैङ्गिक समनता र आर्थिक वृद्धिसम्बन्धी लक्ष्यहरूको प्राप्तिका लागि सुहाउँदो वातावरण सिर्जना गर्नमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको छ। अर्कोतर्फ अन्य क्षेत्रमा भएका प्रगतिले शिक्षालाई धेरै तरिकाले प्रभावित गर्नसक्छ। प्रदेश नं. पाँचमा १५-४९ बर्ष समूहमा पुरुष र महिलाको साक्षरता दर क्रमशः ८६.९ र ७२.६ प्रतिशत रहेको छ। यद्यपि, तुलनात्मक रूपमा युवा उमेर समूह, १५-२४, मा भने पुरुष र महिलाका लागि क्रमशः ९३.८ र ८७.१ प्रतिशतको उच्च साक्षरता दर रहेको छ (रेखाचित्र ४)।

प्रदेशमा ५,७६४ विद्यालय रहेका छन् (अर्थ मन्त्रालय, २०१७/१८)। प्राथमिक विद्यालयमा औसत भर्नादर ९७.७ प्रतिशत रहेको छ, जसमा लैङ्गिक अनुरूपता झण्डै १.०१ रहेको छ। उच्च कुल भर्नादरले आधिकारिक विद्यालय जाने उमेरका जनसङ्ख्या ठूलो मात्रामा समेटिएको संकेत गर्दछ। प्राथमिक तहमा कुल भर्ना दर १३३.३ र आधारभूत तहमा ११८ (शिक्षा विभाग, २०१७) रहेको छ। कुल भर्ना दरले उमेर जुन भएपनि प्राथमिक शिक्षामा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्यालाई आधिकारिक प्राथमिक विद्यालय जाने उमेरका विद्यार्थीहरूको सङ्ख्याले भाग गर्दाको सङ्ख्यालाई प्रतिनिधित्व गर्दछ। प्राथमिक र आधारभूत दुवै तहमा कुल भर्नादरको विश्लेषणले ठूलो अनुपातमा बढी उमेरका बालबालिका प्राथमिक र आधारभूत तहमा भर्ना भएको देखाउँछ।

प्राथमिक विद्यालय र आधारभूत तहमा लैङ्गिक समानता सूचक (जीपीआई) क्रमशः १.०४ र १.०२ रहेको छ। जीपीआईले शिक्षामा पुरुष र महिलाको शिक्षा तुलनात्मक पहुँचलाई मापन गर्दछ। लैङ्गिक समानता सूचक समान (१ अंक) भएको अवस्थामा महिला र पुरुषबीच समानता संकेत गर्दछ। प्रदेश नं. पाँचमा लैङ्गिक समानता सूचक प्राथमिक र आधारभूत तहमा समान भन्दा बढी रहेको छ, जसले असामनताले छात्राहरूलाई फाइदा पुगेको देखिन्छ।

लामो समयदेखि विद्यमान लैङ्गिक असमानता नेपाली समाजको एउटा पुरानो नैतिक धब्बाका रूपमा रहेको छ। यद्यपि यसले आर्थिक असक्षमता पनि निम्त्याउँछ। श्रम शक्तिको आपूर्ति देखि सशक्तीकरण सम्म लैङ्गिक समानता उत्पादकत्व बढाउन र आर्थिक वृद्धिलाई विस्तार गर्न आवश्यक छ। अर्थतन्त्रमा महिला विरुद्धको भेदभावले आर्थिक क्रियाकलाप र मर्यादित कामको अवसरहरूलाई दबाउने काम गर्छ। नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ मा उल्लेख गरिएको श्रमशक्तिमा महिला सहभागिताको अवस्थाले प्रदेश नं. पाँचमा श्रम शक्तिमा हरेक १०० जना पुरुषमा ६९ जना महिला रहेको देखाउँछ। राष्ट्रियस्तरमा यो दर ६५.८ प्रतिशत रहेको छ। महिलाहरूले करिव १९ प्रतिशत समय वेतलबी घरायसी र हेरचाहजन्य काममा खर्च गर्छन्। सम्पत्तिमा स्वामित्वको हकमा करिव ११ प्रतिशले महिलाको सम्पत्ति (जमिन र घर) मा स्वामित्व रहेको बताए। श्रमशक्तिमा महिलाहरूको प्रभावकारी सहभागिताले अर्थतन्त्रमा उत्पादकत्वलाई बल पुऱ्याउने गर्छ।

यसैगरी, यौन तथा प्रजनन् अधिकारमा पहुँच मातृ मृत्युदरलाई कम गर्नका लागि अविभाज्य छ, जसले सरुवा रोगको अन्त्यलाई पनि बलपुऱ्याउने काम गर्छ। प्रदेश नं. पाँचमा परिवार नियोजनका साधनको प्रयोग गर्ने सवालमा १५-४९ बर्ष उमेरका २०.३ प्रतिशत महिलाले आफै निर्णय लिने बताइएको छ (स्वास्थ्य मन्त्रालय, २०१६)।



# ख. अर्थतन्त्र र भूपरिधि



यो क्षेत्रमा स्वच्छ खानेपानी र सरसफाइ (दिविल ६), मर्यादित श्रम र आर्थिक वृद्धि (दिविल ८), उद्योग, नवप्रवर्तन र पूर्वाधार (दिविल ९), न्यून असमानताहरू (दिविल १०), जिम्मेवार उपभोग र उत्पादन (दिविल १२), जलवायु कार्यवाही (दिविल १३) र जमिनमाथि जीवन (दिविल १५) सँग सम्बन्धित दिविलहरू समावेश छन् ।

प्रदेश नं. पाँचले राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा करिव १५ प्रतिशत योगदान दिन्छ । औसत प्रतिव्यक्ति आय ८६८ अमेरिकी डलर बराबर रहेको छ । कुल उपभोगमा जनसङ्ख्याको तल्लो ४० प्रतिशतको हिस्सा लगभग २१ प्रतिशत रहेको छ भने तल्लो २० प्रतिशतको ८ प्रतिशत रहेको छ । कुल उपभोगको हिस्सामा असंगतिपूर्ण परिवर्तन र जनसङ्ख्याको हिस्साले पनि जनसङ्ख्याको तल्लो दशक (Deciles) सँग आम्दानीको बढी समान वितरण रहेको देखाउँछ । चासोमा रहेको असमानता उपभोग र आम्दानी जस्ता सुधारिएको कल्याण (समृद्धि) को इच्छित माध्यम कुनै खास जनसङ्ख्यामा कसरी वितरित भएको छ भन्ने कुरासँग सम्बन्धित छ । जस्तैः खाद्यान्न खर्चमा कुल आम्दानीको हिस्सा । असमानताको मापन गर्ने परिचित माध्यममा जिनी गुणक (जिनी कोअफिसेन्ट) र हालैमात्र आएको पाल्मा सूचकाङ्क रहेका छन्, जुन क्रमशः ०.३२४ र १.२८ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०११) । जिनी गुणक (जिनीकोअफिसेन्ट) ० (असमानता नरहेको) र १ (पूर्ण असमानता) बीचको मान सहितको दर हो । प्रदेश नं. पाँचका लागि जिनी गुणाक (जिनी कोअफिसेन्ट) राष्ट्रिय स्तर नजिकै, र देशको दोस्रो उच्च रहेको छ । जिनीले प्रदेशमा उच्च असमानता रहेको देखाउँछ;[८] उपभोगमा समनताभन्दा आम्दानीमा असमानताको दर यहाँ बढी छ, जहाँ तल्लो ४० प्रतिशतको हिस्सा राष्ट्रिय आम्दानीमा भन्दा राष्ट्रिय उपभोगमा बढी रहेको छ । पाल्मा सूचकाङ्कको मापन कुल राष्ट्रिय आम्दानी (जिएनआई) मा सबैभन्दा धनी १० प्रतिशतको हिस्साको दरलाई सबैभन्दा गरिब ४० प्रतिशतको हिस्सासँग तुलना गरेर गरिन्छ, जुन १.२८ रहेको छ । पाल्मा सूचकाङ्क एक नजिकै रहेको राम्रो मानिन्छ, जहाँ मध्यमवर्गको हिस्सा समयको अन्तरालमा बढेको बुझिन्छ ।

८ ०.२० = न्यून असमानता; ०.२५ =असमानता; उच्च असमानता =०.३५; चरम असमानता =०.५० र त्यसमाथि

रेखाचित्र ५ : असमानताका मानकहरु




**स्रोत : ने.जी.स. (२०११)- विश्व बैंक आँकलन (जति गाढा रङ्ग त्यति नै धेरै असमानता)**

गरिबी विरुद्धको लडाईंमा असमानताले अर्थ राख्छ किनभने असमानता कम हुँदा विकासले गरिबीलाई धेरै छिटो कम गर्छ र विकासको धेरै लाभ गरिबहरूलाई हुन्छ ।

प्रदेशमा ४१ प्रतिशत आर्थिक रूपमा सक्रिय जनसङ्ख्या रहेका छन्, जहाँ १० बर्ष र माथिका दुईतिहाई जनसङ्ख्या कृषिमा संलग्न छ । यहाँ युवा जनसङ्ख्या (१९ बर्षमुनि) पनि उल्लेखनीय मात्रामा रहेको छ, र पुरुषभन्दा महिला बढी छन् । यद्यपि रोजगारी र उद्यमशीलतामा युवा मानव स्रोतको परिचालन समस्यामा परेको देखिन्छ, किनभने युवा अल्पबेरोजारी दर[९] र “शिक्षामा नरहेका युवा” को सङ्ख्या राष्ट्रिय स्तरभन्दा माथि रहेको छ (रेखाचित्र ६) । साथै, कुल रोजगारीमा प्रति दिन १.९ अमेरिकी डलरभन्दा कममा बाँच्ने व्यक्तिहरूको हिस्सा १८.३ प्रतिशत रहेको छ । रोजगारीको अभावको प्रभाव राज्यबाट प्रेसित आँकडामा देख्न सकिन्छ, जस अनुसार प्रदेश नं. पाँचमा मात्र आर्थिक बर्ष २०७३-७४ मा ५७,००० जना व्यक्तिले वैदेशिक रोजगारीका लागि श्रम अनुमति लिएका छन् ।

९ दुवै उमेर समूह, १५ देखि ५९, र १५ देखि २४ का लागि

## रेखाचित्र ६: बेरोजगारी र अल्परोजगारी




स्रोत:[10] केन्द्रीय तथ्याङ्क विभाग, २०११

## रेखाचित्र ७: कुल रोजगारीको अनुपातमा रोजगारी सिर्जना




स्रोत:[10] केन्द्रीय तथ्याङ्क विभाग, २०११

१० सर्वेक्षणका तथ्याङ्क समूहबाट रा.यो.आ./विश्व बैंकको गणना
११ सर्वेक्षणका तथ्याङ्क समूहबाट रा.यो.आ./विश्व बैंकको गणना

श्रम उत्पादकत्व रु ९१,९१८ रहेको छ, जुन राष्ट्रिय उत्पादकत्वको ७७.८ प्रतिशत रहेको, र काठमाडौं उपत्यकाको उत्पादकत्वको तुलनामा केवल २८.७ प्रतिशत रहेको छ। यसको कारण काठमाडौं उपत्यका, र समग्रमा देशको तुलनामा यहाँ आर्थिक रूपमा सक्रिय जनसङ्ख्या कम रहेको हुन सक्छ। प्रदेश नं. पाँचमा ८८ प्रतिशत जनताको विद्युतमा पहुँच छ। साथै, स्वच्छ उर्जा प्रविधिमाथि प्राथमिक निर्भरता भएको जनसङ्ख्याको अनुपात ३५ प्रतिशत र खाना पकाउन ठोस इन्धनलाई उर्जाको मुख्य स्रोतका रूपमा प्रयोग गर्ने ६५ प्रतिशत रहेको छ। खाना पकाउने ग्याँसमा निर्भर जनसङ्ख्या झण्डै ३० प्रतिशत छ।

यद्यपि हामीले उत्पादनलाई हेर्ने हो भने यस प्रदेशमा विद्युतको जडान क्षमता कम छ। प्रदेश नं. पाँचले नेपालको कुल जडान क्षमता (९९० मेगावाट) मध्ये २.१ प्रतिशत (२१.६ मेगावाट) मात्र योगदान गर्दछ (अर्थ मन्त्रालय, २०१७/२०१८)। प्रदेशमा कुल जनसङ्ख्याको १७ प्रतिशतमा रहेको हुनाले विद्युतको मागमा रहेको अन्तर राष्ट्रिय विद्युत प्रसारण सञ्जालबाट पूर्ति गरिन्छ।

रेखाचित्र ८ : स्वच्छ इन्धन, ठोस इन्धनमाथि निर्भरता र विद्युतमा पहुँच भएका जनसङ्ख्या




स्रोत : ने.ज.स्वा.स. २०१६



यस प्रदेशमा राष्ट्रियसहित सडकहरूको कुल सङ्ख्या लगभग ११ हजार किलोमिटर रहेको छ र सडकको घनत्व प्रति १०० वर्ग मिटर बराबर ४२.३४ किलोमिटर रहेको छ । यद्यपि, अधिकांश सडकहरू ग्राभेल छन् र सबै मौसममा चल्ने सडकको २ किलोमिटरभित्र बसोबास गर्ने जनसङ्ख्याको अनुपात ८८.७ प्रतिशत रहेको छ । करिव ३२ प्रतिशत घरपरिवारको खानेपानीको धारामा पहुँच छ । त्यस जनसङ्ख्यामा खरको छानो भएका घरपरिवार १२.१ प्रतिशत छन् (रेखाचित्र ९) भने ९६.८ प्रतिशत जनसङ्ख्यासँग सुरक्षित रूपमा व्यवस्थापन गरिएको खानेपानीको सुविधा रहेको छ ।[१२] धाराबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच भएको घरपरिवारमा उन्नत सरसफाइका सुविधाहरू प्रयोग गर्ने घरपरिवारको अनुपात उच्च रहने बुझिन्छ ।[१३]

रेखाचित्र ९ : सरसफाइको प्रयोग गर्ने घरपरिवार; खरको छाना भएको घरपरिवार; खानेपानी आपूर्तिमा पहुँच भएको घरपरिवार




स्रोत : ने.ज.स्वा.स. २०१६

१२ "उन्नत पानीको स्रोत प्रयोग गर्ने जनसङ्ख्याको प्रतिशतका रूपमा मापन गरिएको : घरपरिवारमा जडान गरिएको धारा, सार्वजनिक धारा, कल वा बोरिङ्ग, संरक्षित इनार, संरक्षित झरना वा बर्षाको पानी सङ्कलन खानेपानीको मुख्य स्रोतका रूपमा रहेको विधिवत जनसङ्ख्याको प्रतिशत । पिउनका लागि बोतल पानी प्रयोग गर्ने घरपरिवारहरूलाई उनीहरूको खाना पकाउने र हातधुने पानीको स्रोतका आधारमा उन्नत स्रोत वा अविकसित स्रोतको प्रयोग गर्ने भनी वर्गीकृत गरिएको छ ।"

१३. "नियमित खानेपानी आपूर्तिको व्यवस्था भएको फ्लससहितको शैचालय, सेप्टिक टैंकी, उन्नत शैचालय, स्ल्याबसहितको टैंकी भएको शैचालय वा कम्पोस्टिङ्ग शौचालय भएको, र अन्य घरपरिवारसँग त्यो सुविधा बाड्नु नपर्ने वैधानिक घरपरिवारहरूको प्रतिशत ।"

रेखाचित्र १० : मोबाइल फोन र इन्टरनेट




स्रोत : ने.ज.स्वा.स. २०१६

प्रदेश नं. पाँचमा मोबाइल टेलिफोन रहेका १५ देखि ४९ बर्षका महिलाहरूको अनुपात ६९ प्रतिशत रहेको छ। झण्डै २० प्रतिशत महिलाहरूले इन्टरनेटको प्रयोग गर्छन् (रेखाचित्र १२)। सेवाप्रदायकहरूले सस्तो र सर्वसुलभ सेवा विस्तार गरिरहेको सन्दर्भमा प्रदेशमा मोबाइल फोनको स्वामित्व बढिरहेको छ। फलस्वरूप यसले आफ्नो साधनको प्रयोग गरी इन्टरनेटको पहुँच गर्ने अवसरको सिर्जना गरिरहेको छ। र त्यसले जीवनलाई उकास्ने विविध सेवाहरूमा जनताको पहुँच पुऱ्याउने ठूलो अवसरको सिर्जना गरेको छ।

रेखाचित्र ११ : विवाहित वा बन्धनमा रहेका २०-२४ बर्षका महिलाहरुको अनुपात




स्रोत : ने.ज.स्वा.स. २०१६

विवाह गर्ने बालबालिकाको अनुपात राष्ट्रिय स्तरमा विद्यमान भन्दा केही कम रहेको छ : (१८ बर्ष अघि) ३९.५ प्रतिशत र (१५ बर्ष अघि) ४.७ प्रतिशत । चल सम्पत्ति माथिको स्वामित्वले घरपरिवार र समाजमा महिलाहरूको अवस्थामा ठूलो प्रभाव पार्दछ । यसले आर्थिक स्वतन्त्रताको पनि निर्धारण गर्नुका साथै सम्पत्तिको मूल्य थप गर्ने र रोजगारी सिर्जना गर्ने क्रियाकलापहरूमा संलग्न हुने माध्यम पनि उपलब्ध गराउँछ । साथै, कर्जा र व्यवसायको थालनी गर्ने अवसरको उपलब्धता पनि चल सम्पत्ति माथिको स्वामित्वले निर्धारण गर्दछ ।

रेखाचित्र १२ : सम्पति (जग्गा) माथि महिलाको स्वामित्व




स्रोत : ने.ज.स्वा.स. २०१६



## ३.१ प्रादेशिक दिविल सूचकहरूमा तथ्याङ्कको अभाव/अन्तर र उपलब्धता

यस आधार तथ्याङ्क प्रतिवेदनका लागि उपलब्ध तथ्याङ्कको द्रुत विश्लेषणले प्रदेश तहको दिविल रिपोर्टिङ्गका लागि झण्डै ३० प्रतिशत तथ्याङ्क उपलब्ध नरहेको अनुमान गर्दछ। दिविल १०, २ र १ बाहेक अन्य कुनै लक्ष्यहरूको ६० प्रतिशत भन्दा बढी तथ्याङ्क छैन, र दिविल १२ र १३ जस्ता केही लक्ष्यहरू पूर्ण तथ्याङ्क वञ्चितीकरणको समस्याबाट ग्रस्त छन्। संविधानले प्रादेशिक सरकारलाई आफ्नो स्वतन्त्र सर्वेक्षण आयोजना गर्ने छुट दिएको अवस्थामा तथ्याङ्क सिर्जना र अनुगम संयन्त्रलाई त्यसै अनुरूप संरचना गर्न सकिन्छ। सबै लक्ष्यहरूका लागि सम्भावित सर्वेक्षण र तथ्याङ्क स्रोतहरूको शीघ्र सिफारिस परिशिष्ट "प्रस्तावित तथ्याङ्क स्रोत"मा प्रस्तुत गरिएको छ। आवश्यक दिविल सूचकहरूको ५० प्रतिशत भन्दा बढी भावी सर्वेक्षणहरूबाट पुरा गरिनुपर्ने अनुमान गरिएको छ।

**रेखाचित्र १३ : दिविल सूचकहरूका लागि तथ्याङ्कको उपलब्धता**




**स्रोत : रा.यो.आ. द्रुत समीक्षा,[१४] २०१८**

(व्यक्तिगत लक्ष्यहरूको जोड-वायाँदेखि दायाँ १०० प्रतिशत रहेको छ )

उपलब्ध तथ्याङ्कको विस्तृत सिंहावलोकन रेखाचित्र १३ मा दिइएको छ। राष्ट्रिय योजना आयोग/विश्व बैंकले अनुमानित/संकलित गरेको प्रदेशका आधारमा सूचकहरूको कुल सङ्ख्या लगभग ११९ रहेको छ। उल्लेख गरिएअनुसार, दिविल ३ का लागि २३ वटा सूचकहरू उपलब्ध छन्। यद्यपि, दिविल १३ का लागि कुनै तथ्याङ्क उपलब्ध छैनन्। अधिकांश तथ्याङ्कहरू नेपाल जीवनस्तर सर्वेक्षण (२०११), नेपाल जनसाङ्ख्यिक घरपरिवार सर्वेक्षण र स्वास्थ्य सर्वेक्षण (२०१६) र जनगणना (२०१०) बाट रहेका छन्। प्रादेशिक विश्लेषणका लागि तथ्याङ्क उपलब्ध गराउने वृहतस्तर सर्वेक्षणहरूबीच कम्तीमा पनि चार बर्षको अन्तर रहेको छ। साथै, घरपरिवार र अन्य सर्वेक्षणहरू कहिले काहीं र पञ्चांग (क्यालेण्डर) सँग मिलना नगरी गर्ने गरिन्छ। पञ्चांगमा रिक्त बर्षहरूको अर्थ तथ्याङ्क सिर्जना समयरेखामा रिक्तता रहनु हो।

१४. ने.जी.स., जनगणना, ने.ज.स्वा.स., कृषिजन्य तथ्याङ्क, स्वास्थ्य सेवा विभाग बार्षिक प्रतिवेदन, गृह मन्त्रालय

# अध्याय चार
# प्रादेशिक योजनामा दिविलहरूको आन्तरिकीकरण

प्रदेश नं. पाँचले दिविलहरूको कार्यान्वयन अर्थतन्त्र, समाज र वातावरणका तीन आयामहरूसँग सम्बन्धित मुद्दाहरू समाधान गर्ने एकीकृत अवधारणाको अवलम्बनमार्फत् गर्नुपर्छ। यस क्रममा दिविलहरूबीच अन्तर्क्रिया र समाञ्जस्यता प्रवर्द्धन गर्ने कार्यमा महत्व दिनु आवश्यक हुन्छ। विभिन्न प्राथमिकताका क्षेत्रहरूलाई जोड्नुको महत्वलाई ध्यानमा राख्दै कार्यहरू एकीकृत र जैविक/प्राकृतिक तरिकाले गरिनुपर्छ। त्यसैकारण २०३० को एजेण्डालाई प्रादेशिक योजनाहरूमा जनता, समृद्धि, पृथ्वी, शान्ति र साझेदारीको आधारमा प्रतिविम्बित गराउँदै विभिन्न उद्देश्यहरूका लागि एकीकृत समाधान उपलब्ध गराउन सकिन्छ र त्यसका लागि सबै सरोकारवालाहरूको सहभागिता गराउनु पर्छ।

गरिबी, भोकमरी, रोग, उपेक्षा र लैङ्गिक असमानता समग्र मानव विकासका लागि अन्तरसम्बन्धित चुनौतीहरू हुन्। गरिबी र भोकमरी कम गर्नु, सर्वव्याप्त स्वास्थ्य सेवा र शिक्षा प्रवर्द्धन गर्नु, र त्यस्तो सम्पर्क-सम्बन्ध तोड्नमा लैङ्गिक समानताको सकारात्मक प्रभाव रहेको सुनिश्चित गर्नुपर्छ।आगामी १२ बर्षमा निरपेक्ष गरिब उन्मूलन गर्न र राष्ट्रिय गरिबीको रेखामा मापन गरिने गरिबी कम्तीमा पनि सन् २०१५ को आधा बनाउनका लागि हरेक बर्ष गरिबीको विद्यमान दरमा एक प्रतिशतले घटाउन आवश्यक हुन्छ। यद्यपि, बहुआयामिक गरिबी राष्ट्रिय गरिबीको रेखा प्रयोग गरि मापन गरिने गरिबी भन्दा धेरै माथि छ। गरिबी न्यूनीकरण सशक्तीकरण, शिक्षा, असल स्वस्थ्य, दीर्घायु र आर्थिक गतिशीलताबीचको सकारात्मक अन्तर्क्रियाको परिणाम हुनुपर्छ। उत्पादन र आय आर्जनको प्रक्रियालाई निम्न आय भएका समूहहरूको पक्षमा पुनर्संरचना गरिनु जरुरी छ। उत्पादनतर्फ निर्देशित औद्योगिक क्रियाकलापको गरिबको आम्दानीसँग बलियो सम्बन्ध हुन आवश्यक छ।

प्रदेश नं. पाँचमा शहरी पूर्वाधार विकासको अवस्था कमजोर छ। देश द्रुत गतिमा  शहरीकरणमा अघि बढेको छ : शहरी जनसङ्ख्यामा बार्षिक वृद्धि ३.४ प्रतिशत छ, जुन राष्ट्रिय औसत भन्दा तीन गुणा बढी हो। प्रदेशमा हाल ३० प्रतिशत स्थानीय सरकारहरू नगरपालिकमाा छन्, र १२ प्रतिशत भन्दा बढी घरपरिवारहरू खरको छानो भएको घरमा बस्छन् र केवल ३२ प्रतिशत घरपरिवारको मात्र खानेपानीको धारामा पहुँच छ। आधारभूत पूर्वाधार र शहरी सुविधाका अतिरिक्त, सांस्कृतिक सम्पदा र पुरातात्विक केन्द्रहरूको पुन:निर्माण सामाजिक पुँजी निर्माण गर्न र पर्यटन प्रवर्द्धन गर्न महत्वपूर्ण छ।

करिव ७२ प्रतिशत जनसङ्ख्या प्रदेश नं. पाँचको तराई क्षेत्रमा बसोबास गर्छन्। प्रदेश बाढी, पहिरो र भूकम्प जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ। प्रदेश नं. पाँचको पहाडी र तराई क्षेत्रलाई जोड्ने चुरे पछिल्लो समयमा वन विनाश र गिट्टी तथा बालुवा जस्ता प्राकृतिक स्रोतको अनियमित उत्खनन्को समस्याबाट ग्रस्त छ, र त्यसले पहिरो जोखिमलाई बढाउने काम गरेको छ। यसैगरी, उपयुक्त अध्ययन बिना पहाडी क्षेत्रमा भइरहेको सडक विस्तार कार्यले पनि पहिरोको जोखिम थप गर्नुका साथै समतल भूमिमा बग्ने नदीमा पानीको सतह बढाउने काम पनि गरेको छ। तथापि ठूलो सङ्ख्यामा तराई र भित्री मधेशका जनता आफ्नो दैनिक जीवनमा आर्सनिकले प्रदुषित खानेपानी पिउन बाध्य छन्। प्लास्टिकको झोलाको प्रयोग र कीटनाशक,

किटाणुनाशक र रसायनिक मलको अत्यधिक प्रयोगले पनि जनस्वास्थ्यमा जोखिम र वातावरणीय समस्याहरू सिर्जना गरिरहेको छ ।

दिविलहरू हासिल गर्नका लागि विभिन्न सरोकारवालाहरूबीच साझेदारी महत्वपूर्ण छ । संघीय र प्रादेशिक सरकारहरूबीचको सहकार्यमा वित्तीय स्रोतहरूको बाँडफाँट मात्र नभई कार्यक्रमजन्य तथा नीतिगत प्रयासहरूको जिम्मेवारी उठाउने कार्य पनि पर्छ । प्रक्रियालाई संघ र प्रदेशबीच सामञ्जस्य गराउनुपर्छ र संघ तथा प्रदेशहरूका प्राथमिकता प्राप्त परियोजना तथा कार्यक्रमहरूले दिविलसम्बन्धित परिणामहरूको पूर्ण प्राप्तिका लागि एक अर्कालाई परिपूरण गर्नुपर्छ । प्राकृतिक स्रोत र वित्तीय आयोगबाट वित्तीय स्रोतको बाँडफाँट हुनुअघि दिविलसम्बन्धी योजना र स्रोतमाथि छलफल गर्न संघीय र प्रादेशिक सरकार हरूबीच एउटा संस्थागत संयन्त्र हुनुपर्छ ।

त्यसका अतिरिक्त प्रादेशिक सरकार र स्थानीय सरकार हरूबीचको साझेदारी अपरिहार्य छ, संविधानमा स्थापित क्षेत्राधिकारले सबै तीन तहका सरकारहरूबीच परिपूरक प्रयासहरूको माग गर्दछ ।

दिविलहरूमा सर्वव्यापकता, साझा जिम्मेवारीको सिद्धान्त र कसैलाई पनि पछि नपारिने भावना अन्तर्निहित छ । यसले विविध प्रकारका क्रियाकलाप, परिणाम र प्रतिबद्धताहरूको माग गर्छ । कार्यान्वयनको स्वामित्व सार्वजनिक क्षेत्रबाट मात्र नभई निजी क्षेत्र र समुदायहरूबाट पनि आउनुपर्छ ।

प्रदेश नं. पाँचको सरकारले आफ्नो विकासको एजेण्डाको पहिचान र प्राथमिकीकरण, प्रादेशिक योजना तथा कार्यक्रमहरूको निर्माण र कार्यान्वयन दिविलको मूलभूत भावना अनुरूप गर्नुपर्छ । यसले आफ्नो योजना तथा बजेट प्रक्रियामा राष्ट्रिय कार्यक्रमहरूलाई समाहित गराउनुपर्छ । सरकारले राज्यको नेतृत्वमा सञ्चालन हुने कार्यक्रमहरूको विकास गर्दा विभिन्न राष्ट्रिय/क्षेत्रगत योजनाहरूमा परिकल्पना गरिएका महत्वकांक्षाहरूलाई आत्मसात गरी प्रादेशिक प्राथमिकतालाई राष्ट्रिय प्रतिबद्धताहरूमा संग्रहित गर्नुपर्छ ।

"कार्यान्वयनको स्वामित्व सार्वजनिक क्षेत्रबाट मात्र नभई निजी क्षेत्र र समुदायहरूबाट पनि आउनुपर्छ ।"



देहायको तालिकामा भावी मार्गका रूपमा सिफारिस गरिएका महत्वपूर्ण कार्यक्रमहरू[१४] संक्षेपमा प्रस्तुत गरिएको छ :

**तालिका एक : लक्ष्य अनुसारका नीतिगत सुझावहरू**

| लक्ष्य | कार्यक्रम क्षेत्र |
|---|---|
| १ | • दूरदराजमा रहेका जनताको गरिबीलाई सम्बोधन गर्न प्रत्यक्ष सहायता कार्यक्रम र आयआर्जन क्रियाकलापहरू (बीमा, जोखिम हस्तान्तरण, सामाजिक सुरक्षा, आदि);<br>• रोजगारी सिर्जना गर्ने साना तथा मझौला उद्यमहरूका लागि कर्जामा ब्याज अनुदान<br>• स्थान विशेष लक्षित पूर्वाधार र सामाजिक परिचालन;<br>• विपद् जोखिम न्यूनीकरण निवारण तथा अनुकूलन योजनाहरू |
| २ | • सुविधाबाट सबैभन्दा वञ्चित समूहहरूको लागि उन्नत खाद्यान्न र पोषण सुरक्षा, र खाद्य अधिकारको कार्यान्वयन;<br>• कृषि शिक्षा प्रणालीको सुदृढीकरण;<br>• विस्तारित र उन्नत सिचाइँ; सम्भव भएको स्थानमा लिफ्ट सिचाइँ प्रविधिको प्रवर्द्धन;<br>• प्रभावकारी मल आपूर्ति तथा वितरण प्रणाली;<br>• कृषिका लागि विस्तारित ग्रामीण सडक सञ्जाल;<br>• साना तथा मझौला कृषि उद्यमको प्रवर्द्धन;<br>• कृषक र कृषि उद्यमका आवश्यकताहरूप्रति जवाफदेही विकेन्द्रिकृत र विस्तारित प्रणाली;<br>• स्मार्ट कृषि ग्राम कार्यक्रममार्फत् पोषक उच्च भएका मूल्य वालीको प्रवर्द्धन;<br>• उन्नत वीउ, बाली विविधीकरण र माटो स्वास्थ्य कार्डको थालनी;<br>• रोग निवारण प्रणाली; उत्थानशील बाली, नश्ल र विविध प्रकारको विकास;<br>• भूमि बैंकको स्थापना;<br>• सामूहिक, सहकारी र व्यावसायिक खेतीको प्रवर्धन;<br>• कृषि बिमा कार्यक्रम;<br>• मुख्य बालीको आधारभूत मूल्य निर्धारण;<br>• कृषकहरूको बाली विक्रीका लागि बजार केन्द सुदृढीकरण<br>• अन्न भण्डार गृह र तरकारी तथा फलफुलका लागि शीतभण्डारको स्थापना;<br>• खाना/आहार बानी-व्यवहारमा परिवर्तन सम्बन्धी कार्यक्रम |
| ३ | • स्वास्थ्य सेवामा सुधार ल्याउन स्वास्थ्य प्रणालीको सुदृढीकरण;<br>• एम्बुलेन्स सेवामा सबैको पहुँच;<br>• गुणस्तरीय प्रवर्द्धनात्मक, निवारणजन्य र उपचारात्मक सेवाहरूको विस्तार;<br>• स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण |
| ४ | • सबैका लागि पूर्वप्राथमिक र आधारभूत शिक्षा; शिक्षकहरूको पेशागत विकास र विद्यालयहरूको सुधारिएको व्यवस्थापन;<br>• विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा कार्यक्रम;<br>• खेलकुदमा युवाहरूको प्रवर्द्धन्, र उच्च प्राविधिक शिक्षा;<br>• विद्यालयमा हाजिरी प्रोत्साहित गर्न विद्यालय खाजा र ससर्त अनुदानको व्यवस्था;<br>• युवा रोजगारी प्रवर्द्धन गर्न प्राविधिक तथा व्यावसायिक विद्यालयहरूको स्थापना;<br>• गरिबी तथा सीमान्तकृत विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम<br>• शिक्षामा गुणस्तर नियन्त्रण |

१५ केही उपयुक्त कार्यक्रमहरू रा.यो.आ.को दिविल लागत तथा वित्त व्यवस्था प्रतिवेदनबाट लिइएका हुन्। यसले राष्ट्रिय र प्रादेशिक सरकारहरूका कार्यक्रमहरूबीच परिपूरकता हासिल गर्न मद्दत गर्नेछ।

| | |
|---|---|
| ५ | • बालिका शिक्षाको प्रवर्द्धन र शैक्षिक भर्ना र परिणाममा लैङ्गिक समानता;<br>• यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयहरूमा जनचेतना अभिवृद्धि;<br>• महिलाहरूको राजनीतिक सहभागिताको प्रोत्साहन;<br>• राष्ट्रपति महिला उत्थान कार्यक्रम जस्तामहिला सशक्तीकरणसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन<br>• आय आर्जन र सीप विकास कार्यक्रम;<br>• महिला विरुद्ध हिंसाको अन्त्य;<br>• सबै प्रकारका रुढीवादी अभ्यास र मूल्यमान्यताहरूको अन्त्यस |
| ६ | • सुरक्षित र सर्वसुलभ खानेपानीमा सर्वव्यापी र समतामूलक पहुँच, र सबैका लागि पर्याप्त सरसफाइ र स्वच्छता;<br>• पानी पूनर्भरण र स्रोतहरूको संरक्षण;<br>• फोहोरपानी उपचार र पुनःप्रयोग;<br>• पानीको संकट निवारण गर्न पानी प्रयोगमा दक्षता;<br>• जलस्रोत व्यवस्थापन र पारिस्थितिकीय प्रणालीको संरक्षणमा सुधार;<br>• एक घरपरिवार एक शौचालय अभियान;<br>• फोहरमैला व्यवस्थापन |
| ७ | • ठूला जलविद्युत परियोजनाबाट विद्युत उत्पादन, राष्ट्रिय विद्युत सञ्जालभित्र र बाहिर सौर्य उर्जा प्रणाली;<br>• प्रसार र वितरण प्रणाली विस्तार<br>• उर्जा कुशलताको सुधार<br>• विद्युत उत्पादनका लागि सौर्य योजनामा लगानी;<br>• जैविक इन्धन र वायु उर्जा जस्ता नवीकरणीय उर्जाको प्रवर्द्धन |
| ८ | • कृषि, निर्माण, उत्पादन र पर्यटन जस्ता श्रम-सघन क्षेत्रमा रोजगारी सिर्जना;<br>• साना तथा मध्यम उद्यमको प्रवर्द्धन्, साना व्यवसाय देखि वित्तीय सेवाहरूको पहुँचमा वृद्धि;<br>• सीप विकास;<br>• रोजगार सूचना प्रणाली;<br>• बालश्रमको उन्मूलन;<br>• कार्यस्थलमा हुने चोटपटकबाट सुरक्षा;<br>• कार्यस्थलमा सुरक्षा |
| ९ | • नयाँ रणनीतिक सडकहरूको निर्माण;<br>• सबै पालिका केन्द्रहरूसम्म यातायात चल्ने सडकको विस्तार;<br>• विद्यमान रणनीतिक सडकहरूको सुधार, पुलहरूको निर्माण;<br>• अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलहरूको निर्माण र सुधार;<br>• रेलवे मार्ग;<br>• उत्पादन क्षेत्रको विकास;<br>• राज्यको नेतृत्वमा सार्वजनिक यातायात प्रणालीको सञ्चालन;<br>• औद्योगिक प्रवर्तन र सूचना, सञ्चार र प्रविधि पूर्वाधार;<br>• सबै स्थानीयतहका सदरमुकाम जोड्ने पिच सडकको निर्माण;<br>• सडकको सञ्चालजन्य सुरक्षा, सुरक्षालाई ध्यानमा राख्दै सडक ढाँचा मापदण्ड र संहिता, विपद र जलवायु परिवर्तनको परिस्थितिमा सुरक्षा र जीवन |

| | |
|---|---|
| १० | • श्रमिकहरूलाई न्यायोचित र विभेद रहित ज्याला;<br>• रोजगारीका लागि समान अवसहरूमा लगानी;<br>• प्रगतिमूलक कर प्रणाली |
| ११ | • शहरी सडक, ढल निकास, र ढल व्यवस्थापन;<br>• धारामार्फत् खानेपानी आपूर्ति र ढल निकास जडानको व्यवस्था;<br>• फोहोरमैला व्यवस्थापन स्थल, बसपार्क, र अन्य शहरी पूर्वाधार;<br>• गरिबका लागि आवासको व्यवस्था;<br>• सांस्कृतिक सम्पदा र पुरातात्विक स्थलहरूको पुनःनिर्माण;<br>• विपद् पूर्वतयारीको व्यवस्था;<br>• शहरी उत्थानशीलता र पूर्वतयारी -जोखिम न्यूनीकरण योजना, मानवस्रोत, साधन र उपकरण (आगलागी, स्वास्थ्य, खोज तथा उद्दार, खुला स्थान, आश्रय, गोदाम, संस्थागत संरचना);<br>• नमुना स्मार्ट शहरहरूको स्थापना;<br>• खुला स्थान, खेल मैदान र सार्वजनिक बगैँचाको स्थापना |
| १२ | • कच्चा पदार्थको प्रयोगमा दक्षता;<br>• रसायन र फोहोर व्यवस्थापन;<br>• उर्जा किफायती;<br>• प्रकृतिसँग सौहार्दपूर्ण जीवनशैली |
| १३ | • उत्थानशीलता र अनुकूलन क्षमता विकास;<br>• सुधार मार्फत् उत्सर्जन न्यूनीकरण;<br>• जलवायुसम्बन्धी तथ्याङ्क सुदृढीकरण;<br>• पूर्वाधार परियोजनाहरूका लागि जलवायुप्रतिरोधक प्रविधि;<br>• कृषिमा आधारित अनुकूलन;<br>• अनुगमन तथा मूल्याङ्कन र तथ्याङ्कीय क्षमता सुदृढीकरण |
| १५ | • वन, ताल, जलाधार, वन्यजन्तु, जैविक विविधता र भूमिको संरक्षण;<br>• प्रतिस्थापन वृक्षारोपण);<br>• राष्ट्रिय तथा स्थानीय योजना र विकास प्रक्रियामा पारिस्थितिकीय प्रणाली र जैविक विविधताका मूल्यमान्यताहरूको एकीकरण;<br>• जलाधारको संरक्षण |
| १६ | • न्यायमा पहुँच;<br>• भ्रष्टाचार विरुद्ध क्षमता अभिवृद्धि;<br>• सेवा प्रवाहमा सुधार;<br>• योजन, बजेट निर्माण र कार्यान्वयनका लागि क्षमता अभिवृद्धि;<br>• निवार्चनसम्बन्धी जनचेतना;<br>• आचरणजन्य निष्ठा र सेवा प्रभाव प्रभावकारिता सर्वेक्षण;<br>• दिविलहरूको अनुगमनका लागि तथ्याङ्क प्रणालीको विकास;<br>• सुदृढ अनुगमन तथा मूल्याङ्कन प्रणाली |
| १७ | • आन्तरिक स्रोत परिचालनको सुदृढीकरण;<br>• कर तथा अन्य राजस्व सङ्कलन गर्ने आन्तरिक क्षमताको सुधार वैदेशिक प्रत्यक्ष लगानी परिचालन;<br>• निजी सार्वजनिक साझेदारीको संलग्नता र नीति तर्जुमा सहभागिता;<br>• दिविलहरूको कार्यान्वयन र अनुगमन |

# अध्याय पाँच
# अनुगमन तथा मूल्याङ्कन

प्रदेश नं. पाँचको सरकारले संघीय निकाय, प्रादेशिक संस्था र स्थानीय सरकारबीच उपयुक्त समन्वय संयन्त्रलाई संस्थागत गर्ने प्रभावशाली प्रादेशिक तथ्याङ्कीय प्रणालीमा आधारित ठोस अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नुपर्छ । यसको उद्देश्य दिविल अनुगमन र राज्यको सुशासनका लागि सही, उपयुक्त र सामयिक तथ्याङ्कहरूको नियमित आपूर्ति सुनिश्चित गर्नु रहेको छ । हाल, प्रादेशिक सरकारले विभिन्न स्रोतहरूबाट प्राप्त र विद्यमान तथ्याङ्कहरूको प्रयोग गरिरहेको छ, जस्तैः संघीय सरकार (जस्तैः केन्द्रीय तथ्याङ्क विभाग) का प्रकाशनहरू र जिल्ला कार्यालय र स्थानीय सरकारबाट प्रशासनिक तथ्याङ्क । यद्यपि, यी स्रोतहरूले प्रादेशिक सरकारका लागि आवश्यक तथ्याङ्क पुर्ति गर्दैनन् ।

मुख्यमन्त्री वा प्रादेशिक योजना आयोगअन्तर्गत एउटा सक्षम र क्रियाशील तथ्याङ्कीय संस्था (पिएसओ) को स्थापनाको व्यवस्थासहित आधिकारिक तथ्याङ्कहरूसम्बन्धी एकीकृत कानुनको तर्जुमा र कार्यान्वयन गर्नु महत्वपूर्ण छ । यसलाई समन्वयात्मक र मानक तरिकाले गरिने आधिकारिक तथ्याङ्को सङ्कलन, संग्रह, विश्लेषण र प्रसारको स्पष्ट कार्यादेशसहितको पर्याप्त तथ्याङ्कीय पूर्वाधारको साथ आवश्यक छ । स्थानीय र प्रादेशिक सरकारहरूले पहिलो पटक नयाँ तथ्याङ्क सङ्कलन गर्ने भएकोले यो अवसरलाई विभिन्न तथ्याङ्का समूहहरूलाई एकीकृत गर्न प्रयोग गर्न सकिन्छ । यसका अतिरिक्त सुरुवात देखि नै तथ्याङ्को डिजिटाइटेजसनको पनि अभ्यास गर्न सकिन्छ । लेखाप्रणालीलाई मानकीकरण गर्नु पनि महत्वपूर्ण हुन्छ । विभिन्न प्रदेशहरूमा तथ्याङ्क सङ्कलनका फरक विधिहरू प्रयोग गर्नु पनि अर्थपूर्ण हुन्छ । यहाँ, केन्द्रीय तथ्याङ्क विभागले "सहकार्यात्मक संघीयता" को भावना अनुरूप महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ ।

राष्ट्रिय तथ्याङ्क निकायको प्राविधिक सहयोगमा प्रादेशिक तथ्याङ्क निकायले प्रादेशिक सरकारलाई प्रमुख तथ्याङ्कीय निकायका रूपमा सेवा दिनसक्छ । हाल राष्ट्रिय तथ्याङ्क निकायले प्रायः आधिकारिक तथ्याङ्कहरू उत्पादन गर्छ, जसलाई जिल्लातहको सूचकहरूमा विभाजन गर्न सकिँदैन । जनसङ्ख्या, कृषि र आर्थिक गणनाबाहेक नेपाल जीवनस्तर सर्वेक्षण (ने.जी.स.), नेपाल श्रमशक्ती सर्वेक्षण (ने.श्र.स.), नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण (ने.ब.सू.क्ल.स.), नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण (ने.ज.स्वा.स.) र घरपरिवार बजेट सर्वेक्षण (घ.ब.स.) जस्ता अन्य ठूला स्तरका घरपरिवार सर्वेक्षणले जिल्लास्तरसम्मको सटिक अनुमान उपलब्ध गराउँदैनन् । यसका अतिरिक्त, सरकारले प्रादेशिक संस्थाहरूमा अनुगमन तथा मूल्याङ्कन/व्यवस्थापन सूचना प्रणाली इकाई गठन गर्नुपर्छ । आवश्यक प्राविधिक तथा प्रशासनिक सेवा केन्द्रका लागि सीपयुक्त र अनुभवी स्रोतको परिचालन अत्यावश्यक छ । सेवा प्रवाह र कार्यक्रम कार्यान्वयनका क्रममा सङ्कलन गरिएको प्रशासनिक तथ्याङ्कलाई प्रमाणमा आधारित अनुगमनका लागि र सेवा प्रवाहको प्रभावकारिताको समीक्षा गर्नमा प्रयोग गर्न सकिन्छ । यसैगरी, प्रादेशिक तथ्याङ्क संस्थामा प्रादेशिक तथ्याङ्क केन्द्रको स्थापना, र प्रादेशिक स्तरका संस्थाहरूमा अनुगमन तथा मूल्याङ्कनलाई एकीकृत गरिनु पनि उत्तिकै आवश्यक छ । प्रस्तावित प्रादेशिक तथ्याङ्क केन्द्रले प्रदेशमा तथ्याङ्को केन्द्रविन्दुका रूपमा पनि काम गर्नेछ ।

आवश्यक तथ्याङ्कको प्रकृतिलाई दृष्टिगत गर्दा एउटा स्याटलाईट वा मोड्यूल र डाटाबेस डिजाइनको सिफारिस गरिन्छ ।[१६] क्षेत्रगत डाटाबेस मोड्यूलहरूलाई जोड्ने क्रममा उनीहरूको प्रारम्भिक एकीकृत मोड्यूल भित्र नै गर्न सकिन्छ, र संक्षेपीकृत तथ्याङ्कलाई प्रदेश तहको केन्द्रविन्दुमा पठाउन सकिन्छ ।

---

१६ देहायको भाग र तथ्याङ्कआधार ढाँचा देखाउने रेखाचित्र रा.यो.आ.ले तयार गरेको "नेपालको संघीय संरचनामा स्थानीयस्तरको तथ्याङ्क प्रणालीको स्थापना" शीर्षकको मसौदा प्रतिवेदनबाट लिइएको हो ।

देहाय अनुसारको डाटाबेस डिजाइनले विभिन्न कार्यालयहरूमा तथ्याङ्कीय प्रणालीसँगको कार्यसञ्चालनजन्य सम्बन्धसहित एउटा सुदृढ अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्न सक्छ ।

**रेखाचित्र १४: विभिन्न तहका सरकारको बीच तथ्याङ्क प्रणालीका अन्तरसम्बन्ध**




राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा नीति तथा तथ्याङ्कसम्बन्धी रणनीतिको तर्जुमा र क्षमता विकास संघीय सरकारको तथ्याङ्क निकाय अर्थात केन्द्रीय तथ्याङ्क विभागको हुनेछ भने विभागका प्रादेशिक इकाईहरूले स्थानीय तहका तथ्याङ्क इकाईहरूको क्षमता विकासमा सहयोग गर्नसक्छन् । दिविलहरूलाई समेट्ने विषयगत सर्वेक्षणहरू दुई वा तीन तहहरूसँगको समन्वयमा गरिनुपर्छ तर स्थानीय तहमा अधिकांश तथ्याङ्कको नियमित सङ्कलन हुने हुँदा हाल अद्यावधिक रूपमा गरिने धेरै सर्वेक्षणहरू अवाश्यक हुँदैनन् ।



## प्रस्तावित दिविल अनुगमन साधनहरू

दिविलहरूको अनुगमन र राज्य व्यवस्थाका लागि यर्थाथ र सान्दर्भिक तथ्याङ्कको नियमित प्रवाह सुनिश्चित गर्न प्रादेशिक सरकारले स्थानीय तहको तथ्याङ्कहरू उत्पादन गर्नुपर्छ। संघीय प्रणालीका लागि रहेको तथ्याङ्कको अभाव पूर्ति गर्न मुलतः एकात्मक शासन व्यवस्थामा सहयोगी हुने विद्यमान राष्ट्रिय तथ्याङ्क प्रणालीको रूपान्तरण जरुरी छ। उदाहरणका लागि, नेपाल जीवनस्तर सर्वेक्षण (ने.जी.स.), नेपाल श्रमशक्ती सर्वेक्षण (ने.श्र.स.), नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण (ने.ब.सू.क्ल.स.), नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण (ने.ज.स्वा.स.) र घरपरिवार बजेट सर्वेक्षण (घ.ब.स.) जस्ता घरपरिवार सर्वेक्षणले दिविल अनुगमनका लागि आवश्यक जिल्लातहको सूचकहरू उपलब्ध गराउँदैनन्। त्यसैकरण पनि स्थानीय तहको तथ्याङ्कहरू सिर्जना गर्न माथि उल्लेखित सर्वेक्षणहरूको स्याम्पल साइज बढाउन पनि व्यवहारिक हुँदैन। त्यसैले प्रादेशिक र स्थानीय तहहरूमा तथ्याङ्कहरूको उत्पादन गर्न राष्ट्रिय जनगणना तथा सर्वेक्षणहरूमा अनुकूल परिवर्तन गरी व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ तुल्याउन अत्यावश्यक छ। देहाय अनुसारका केही मुख्य सर्वेक्षणहरूलाई प्रादेशिक तहको अनुगमन ढाँचामा विभिन्न दिविल सूचकहरूको तथ्याङ्क स्रोतका रूपमा सिफारिस गरिएका छन् :

**तालिका दुईः दिविल अनुगमन साधन**

| सि.नं. | प्रस्तावित सर्वेक्षण/साधन | समय अन्तराल | औचित्य |
|---|---|---|---|
| १ | प्रादेशिक बहुसूचक क्लस्टर सर्वेक्षण (पिएमआईसीएस) | ५ बर्ष | नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण र नेपाल बहुसूचक क्लस्टर सर्वेक्षणमा पर्याप्त स्याम्पल साइज छैन। त्यसैकारण, दिविल ३ को अनुगमनका लागि र प्रादेशिक सरकारको स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूको प्रगति मापनका लागि नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण र नेपाल बहुसूचक क्लस्टर सर्वेक्षणका विशेषताहरू समावेश गरिएको आवश्यकता अनुरूप तयार गरिएको सर्वेक्षण आवश्यक हुन्छ। जिल्लातहसम्मको भरपर्दो अनुमान/आंकलनहरू प्रदान गर्ने पर्याप्त स्याम्पल साइज भएको प्रादेशिक बहुसूचक क्लस्टर सर्वेक्षण प्रदेशमा विद्यमान तथ्याङ्क अभावको स्थितिलाई सम्बोधन गर्न राम्रो हुन्छ। |
| २ | निष्ठा र सेवा प्रवाह प्रभावकारिता सर्वेक्षण | ५ बर्ष | यो सर्वेक्षण शासन व्यवस्था र शान्ति समावेश भएको दिविल १६ का केही मुख्य सूचकहरूको अनुगमनका लागि आवश्यक छ। |
| ३ | सानो क्षेत्र आंकलन/अनुमान | ५ बर्ष | नेपाल जीवनस्तर सर्वेक्षणको तथ्याङ्कसहित जनगणनाको सहायक जानकारीको उपयोग गर्ने सानो क्षेत्र आंकलन विधिलाई गरिबी र अन्य सान्दर्भिक आँकलनहरू निकाल्न प्रयोग गरी जिल्लाहरूमा रहेको सूचनाको अभावलाई पुर्ति गर्न सकिन्छ। |

## परिशिष्ट १ : दिविल एक[१७]

| दिविल १. सबै ठाउँबाट सबै स्वरूपका गरिबीको अत्य गर्ने अनुगमन ढाँचा/खाका | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दिविल लक्ष्यांक र सूचकहरू | | आधार तथ्यांक (२०१५) | | अनुगमन ढाँचा/खाका | | | | | | |
| | | राष्ट्रिय | प्रदेश ५ | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा उपलब्ध गराइएको तथ्याङ्कको स्रोत | तथ्याङ्क बर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| **लक्ष्यांक १.१** | **सन् २०३० सम्ममा जहाँसुकै रहेका भएपनि सबै जनताको चरम गरीबी उन्मूलन गर्ने (हाल प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका जनताको रूपमा मापन गरिएको)** | | | | | | | | |
| १.१.१ | लिङ्ग, उमेर, रोजगारीको अवस्था र भौगोलिक अवस्थिति (शहरी/ग्रामीण) अनुसार अन्तर्राष्ट्रिय गरीबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात | | | | | | | | |
| १ | गरिबी प्रतिदिन १.९ डलर (PPP मूल्य) | १५ | १४.२ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | सन् २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| **लक्ष्यांक १.२** | **सन् २०३० सम्ममा राष्ट्रिय परिभाषाहरू बमोजिम गरीबीका सबै आयामहरूमा बाँचिरहेका (जीवन निर्वाह गरिरहेका) सबै उमेरका पुरुष, महिला र बालबालिकाको अनुपात कम्तीमा आधा घटाउन** | | | | | | | | |
| १.२.१ | राष्ट्रिय गरीबी रेखामुनि रहेका जनसङ्ख्याको अनुपात (प्रतिशत) | २५.२ | २४.५ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | सन् २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| १ | राष्ट्रिय गरीबी रेखामुनि रहेका सबै उमेरका महिलाको अनुपात (प्रतिशत) | २५.३ | २४.१ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | सन् २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| १.२.२ | राष्ट्रिय परिभाषाहरू बमोजिम गरीबीका सबै आयामहरूमा बाँची रहेका (जीवन निर्वाह गरिरहेका) सबै उमेरका पुरुष, महिला र बालबालिकाको अनुपात | | | | | | | | |

[१७] केही सूचकको हकमा नेपाल दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र: २०१६ २०३०(यसपपछि मार्गचित्र भनिएको) मा प्रतिवेदन भएको तथ्याङ्कर राष्ट्रिय आधार प्रतिवेदनका तथ्याङ्कहरू यस प्रतिवेदनमा उल्लेख भएको तथ्याङ्कको आधार वर्ष र स्रोत फरक भएकाले तिनीहरूको आँकडा फरक हुन सक्छ। यी फरक भएका आँकडाका लागितथ्याङ्कहरूछट्टै रगंको प्रयोग रंगमा कोडिङ गरिएको छ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बहुआयामिक गरिबी सूचकाङ्क (ब.ग.सू) | २८.६ | २९.९ | प्र.ब.सू. क्ल.स. | रा.यो.आ. | सन् २०१४ | जिल्ला | ५ बर्ष | प्र.यो.अ. |
| २ | राष्ट्रिय गरीबी रेखामुनि रहेका बालबालिकाको अनुपात (५ बर्षमुनि, प्रतिशत) | ३६ | २९.२ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | सन् २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| **लक्ष्यांक १.३** | **राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली र फ्लोरस् (Floors) सहितका उपायहरू सबैका लागि लागु गर्ने र सन् २०३० सम्ममा गरीब र संकटासन्न अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने** | | | | | | | | |
| १ | कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | ११ | | प्रतिवेदन | | | प्रदेश | बार्षिक | प्र.यो.अ. / आ.मा.यो.म. |
| २ | PPP मूल्यमा प्रतिदिन १.९ अमेरिकी डलरभन्दा कम आम्दानी गर्ने रोजगारी प्राप्त व्यक्तिहरू (प्रतिशत) | १६.५ | १८.३ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | सन् २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| **लक्ष्यांक १.४** | **सन् २०३० सम्ममा सबै महिला तथा पुरुष,विशेषगरी गरीब र संकटासन्न अवस्थामा रहेकाहरूको आर्थिक स्रोत साधनमा समान अधिकारका साथै आधारभूत सेवा सुविधाहरूमा पहुँच, भूमि र अन्य प्रकारका सम्पत्ति माथिको स्वामित्व र नियन्त्रण, उत्तराधिकार, प्राकृतिक स्रोत, उपयुक्त नयाँ प्रविधि र लघुवित्त सहित वित्तीय सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने** | | | | | | | | |
| १.४.१ | आधारभूत सेवाहरूमा पहुँच भएका घरपरिवारहरूमा बस्ने जनसङ्ख्याको अनुपात | | | | | | | | |
| १ | ३० मिनटको पैदलयात्रामा बजारसम्म पहुँच भएका घर परिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | ४५ | ४१.१ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | सन् २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| २ | बैंक खाता भएका घरपरिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | ६८.३ | | ने.जी.स. | ने.ज.घ.स.-विश्व बैंक अनुमान | सन् २०१६ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| ३ | औपचारिक वित्तीय सेवाले समेटेका घरपरिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | ४० | | ने.जी.स. | रा.यो.आ.दिविल मार्गचित्र | सन् २०१६ | प्रदेश | ५ बर्ष | के.त.वि. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.४.२ | कानूनी रूपमा मान्यताप्राप्त कागजातसहितका जमिनमाथि मोहियानी हक भएका र जमिनमाथिको आफ्नो अधिकारलाई सुरक्षित ठान्ने कुल बयस्क जनसङ्ख्याको अनुपात (लिङ्ग र मोहियानीको किसिमअनुसार) | | | | | | | | |
| १ | तल्लो पञ्चमक (Bottom quintile) को राष्ट्रिय उपभोगमा हिस्सा (प्रतिशत) | ७.६ | ७.९ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | सन् २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| २ | आफ्नो आम्दानीको ३० प्रतिशत भन्दा बढी आवासमा खर्च गर्ने सबैभन्दा तल्लो पञ्चमकमा रहेको शहरी जनसङ्ख्याको अनुपात | | | ने.जी.स. | | | प्रदेश | ५ बर्ष | के.त.वि. |
| ३ | आफ्नो आम्दानीको १० प्रतिशत भन्दा बढी आधारभूत सेवाहरू (खानेपानी, सरसफाइ, उर्जा, शिक्षा, स्वास्थ्य, यातायात) मा खर्च गर्ने सबैभन्दा तल्लो पञ्चमकमा रहेको जनसङ्ख्याको अनुपात | | | ने.जी.स. | | | प्रदेश | ५ बर्ष | के.त.वि. |
| **लक्ष्यांक १.५** | **सन् २०३० सम्ममा गरिब र संकटासन्न अवस्थामा रहेका मानिसहरूको उत्थानशीलता निर्माण गर्ने र त्यस्ता व्यक्तिहरूको जलवायुसँग सम्बन्धित विषम घटनाका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरू र विपद्का जोखिम तथा कमजोरपनालाई कम गर्ने** | | | | | | | | |
| १.५.१ | विपद्का कारण मृत्यु हुने, बेपत्ता भएका र प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिहरूको सङ्ख्या (प्रति १ लाख जनसङ्ख्यामा) | | | | | | | | |
| १ | विपद्का घटनाहरूबाट मृत्यु (सङ्ख्या) | ८८९१ | | प्रशासन तथ्याङ्क | | | जिल्ला | बार्षिक | गृ.म./ आ.मा.का.म. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | हराइरहेका र विपद्को कारण प्रभावित भएका व्यक्तिहरू (सङ्ख्या, प्रति १ लाख जनसङ्ख्यामा) | ४१५ | | प्रशासन तथ्याङ्क | | | जिल्ला | बार्षिक | गृ.म. / आ.मा.का.म. |
| १.५.४ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिअनुरूप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति लागू गर्ने स्थानीय सरकारहरूको अनुपात | | | प्रशासन तथ्याङ्क | | | जिल्ला | बार्षिक | गृ.म./ उ.प.व.वा.म. |

## परिशिष्ट २ : दिविल दुई

**दिविल २. भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन गर्ने ।**

| दिविललक्ष्यांक र सूचकहरू | | आधार तथ्यांक (२०१५) | | अनुगमन ढाँचा/खाका | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | प्रदेश ५ | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा उपलब्ध गराइएको तथ्याङ्को स्रोत | तथ्याङ्क बर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| **लक्ष्यांक २.१** | **सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र शिशुसहित खासगरी गरीब र संकटासन्न अवस्थामा रहेका व्यक्तिहरूसहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने लक्ष्यांकहरू र सूचकहरू २०१५ २०१९ २०२२ २०२५ २** | | | | | | | | |
| २.१.१ | न्यून पोषित | ३८ | ३७.६ | प्र.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०११ | प्रादेशिक, लैङ्गिक, सामाजिक समूह, | ५ बर्ष | के.त.वि. /स्वा.ज.म. |
| १ | कुल उपभोगको दुई-तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या (प्रतिशत) | ४४.१ | ४४.८७ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०११ | प्रादेशिक, लैङ्गिक, सामाजिक समूह, | ५ बर्ष | के.त.वि. |
| २ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | १९७ | २२०.३ | व्य.सू.प्र./ प्रतिवेदन | कृ.ग. | २०१७ | जिल्ला | बार्षिक | कृ.प.वि.म. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सुकाउने, भण्डारण गर्ने र प्रशोधन गर्ने सुविधामा पहुँच | | | प्रशासन तथ्याङ्क | | | जिल्ला | बार्षिक | कृ.प.वि.म. |
| **लक्ष्यांक २.२** | **सन् २०३० सम्ममा सबै प्रकारका कुपोषण अन्त्य गर्ने, र त्यसका लागि सन् २०२५ सम्ममा ५ वर्ष मुनिका बालबालिकाहरूको बृद्धि रोक्ने र उचाइअनुसार कम तौल हुने सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमै सहमत भएका लक्ष्यहरू हासिल गर्ने र किशोरी, गर्भवती र स्तनपान गराउने महिला तथा ज्येष्ठ नागरिकहरूका पोषणसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने** | | | | | | | | |
| २.२.१ | पाँच वर्षमुनिका बालबालिकामा देखिने पुड्कोपना (२ बर्षसम्मका लागि उचाई विश्व स्वास्थ्य सङ्गठनको बालबालिका बृद्धि मानकको मध्यमबाट मानक विचलन) को अवस्था | ३६ | ३८.५ | प्र.ब.सू.क्ल.स. | ने.ज.घ.स.- विश्व बैंक अनुमान | २०१६ | जिल्ला | ५ वर्ष | स.वि.म. /प्र.त.का. |
| २.२.२ | प्रकारअनुसार पाँच वर्षमुनिका बालबालिकामा रहेको कुपोषण (उचाइअनुसार तौल कम हुने र बढी तौल) | ९.७ | ७.६ | प्र.ब.सू.क्ल.स. | ने.ज.घ.स.- विश्व बैंक अनुमान | २०१६ | जिल्ला | ५ वर्ष | स.वि.म. /प्र.त.का. |
| १ | पाँच वर्षमुनिका कम तौल हुने बच्चाहरूको (-२ SD) को अनुपात (कुल जनसङ्ख्याको प्रतिशत) | ३०.१ | | प्र.ब.सू.क्ल.स. | ने.ज.घ.स. | २०१६ | जिल्ला | ५ वर्ष | स.वि.म. /प्र.त.का. |
| २ | प्रजनन् उमेरसमूहका महिलाहरूमा रक्तअल्पताको स्थिति -व्यापकता) | ३३.५ | ३६.४ | प्र.ब.सू.क्ल.स. | ने.ज.घ.स. | २०१६ | जिल्ला | ५ वर्ष | स.वि.म. /प्र.त.का. |
| ३ | ५ वर्षमुनिका बालबालिकामा रहेको रक्तअल्पताको स्थिति | ४६ | ५३.४ | प्र.ब.सू.क्ल.स. | ने.ज.घ.स. | २०१६ | जिल्ला | ५ वर्ष | स.वि.म. /प्र.त.का. |
| ४ | सिकल सेल रक्तअल्पताबाट प्रभावित जनससङ्ख्या | | | प्र.ब.सू.क्ल.स. | | | जिल्ला | ५ वर्ष | स.वि.म. /प्र.त.का. |
| **लक्ष्यांक २.३** | **सन् २०३० सम्ममा विशेषत महिला, आदिवासी जनजाति, पारिवारिक कृषकहरू, पशुपालनमा संलग्न व्यक्ति र माझीहरूको जमिन, अन्य उत्पादनशील स्रोतहरू तथा लगानी, ज्ञान, वित्तीय सेवा, बजारका साथै मूल्य थप र गैरखेती रोजगारी जस्ता सुविधा/अवसरहरूमा सुरक्षित र समान पहुँचको माध्यमबाट सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्ने** | | | | | | | | |
| २.३.१ | कृषि फार्मिङ/पशुपालन/वन उद्यमीहरूअनुसार प्रतिकामदार एकाइ उत्पादनको मात्रा | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.३.२ | लिङ्ग र आदिवासी पहिचान/हैसियत अनुसार सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत बार्षिक आय | | | | | | | | |
| १ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. मा | ३५५६० | ३१८१५ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०१६ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| २ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. मा : पुरुष | ४०१४८ | ३७७२५ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| ३ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. मा : महिला | ३९८३७ | ३४९९० | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| ४ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. मा : आदिवासी | ३३३८७ | २८९८५ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| ५ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. मा : गैरआदिवासी | ४३२०६ | ४०८७० | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०११ | प्रदेश | ५ बर्ष | के.त.वि. |
| ६ | भूमि उत्पादकत्व( AGPA/ha) अमेरिकी डलरमा | ३२७८ | | प्रशासन तथ्याङ्क | | | जिल्ला | बार्षिक | कृ.प.वि.म. |
| **लक्ष्यांक २.४** | **सन् २०३० सम्ममा दिगो खाद्यान्न उत्पादन प्रणाली सुनिश्चित गर्ने र उत्पादकत्व तथा उत्पादन बृद्धि गर्ने, पारिस्थितिकीय प्रणाली कायम राख्न सहयोग गर्ने, जलवायु परिवर्तन, विषम मौसम, सुख्खा, बाढी र अरू विपद्प्रति अनुकूलन गर्ने क्षमता बढाउँने र जमिन तथा माटोको गुणस्तरमा प्रगतिमूलक रूपमा सुधार ल्याउने उत्थानशील कृषिजन्य अभ्यासहरू कार्यान्वयन गर्ने** | | | | | | | | |
| २.४.१ | उत्पादनशील र दिगो कृषिअन्तर्गत रहेको कृषि क्षेत्रको अनुपात | | | | | | | | |
| १ | हाल कायम रहेको कुल कृषिभूमि (हजार हेक्टरमा) | २५४८ | ४४८ | प्रशासन तथ्याङ्क | ने.रा.बैं | २०१७ | जिल्ला | बार्षिक | कृ.प.वि.म. |
| २ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरि सिचाइँ सुविधा पुगेको भूमि (प्रतिशत) | २९.२ | २४.३ | प्रशासन तथ्याङ्क | ने.जी.स.-विश्व बैंक अनुमान | २०११ | जिल्ला | बार्षिक | कृ.प.वि.म. |
| ३ | कुल कृषिभूमिमध्ये बाली लगाइएको भूमि (प्रतिशत) | | | कृषि गणना | | | जिल्ला | १० बर्ष | कृ.प.वि.म. |

## परिशिष्ट ३: दिविल तीन

| दिविल ३ : सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दिविल लक्ष्यांक र सूचकहरू | | आधार तथ्यांक (२०१५) | | अनुगमन ढाँचा/खाका | | | | | | |
| | | राष्ट्रिय | प्रदेश ५ | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा उपलब्ध गराइएको तथ्याङ्कको स्रोत | तथ्याङ्क बर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| लक्ष्यांक ३.१ | सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदर प्रत्येक १ लाख जीवित जन्ममा ७० भन्दा कम गर्ने | | | | | | | | |
| ३.१.१ | प्रति १००,००० जीवित जन्ममा मातृ मृत्युदर | २५८ | | प्र.ब.सू.क्ल.स. | | | प्रादेशिक | ५ बर्ष | स.वि.म. /प्र.त.का. |
| ३.१.२ | दक्ष प्रसुतीकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | ५८ | ५६.६ | प्र.ब.सू.क्ल.स. | ने.ज.घ.स. | २०१६ | जिल्ला | ५ बर्ष | स.वि.म. /प्र.त.का. |
| ३.१.३ | पाठेघर खस्ने समस्या भएका महिलाहरूको संख्य | | | स्वा.व्य.सू.प्र. | | | जिल्ला | बार्षिक | स.वि.म. /प्र.त.का. |
| लक्ष्यांक ३.२ | सबै देशको नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा १२ मा घटाउने र ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा २५ पुर्‍याउने लक्ष्यसहित सन् २०३० सम्ममा नवजात शिशु र ५ वर्षमुनिका बालबालिकाको निवारण गर्न सकिनेमृत्युको अन्त्य गर्ने | | | | | | | | |
| ३.२.१ | पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | ३९ | ४५ | प्र.ब.सू.क्ल.स. | ने.ज.घ.स. | २०१६ | जिल्ला | ५ बर्ष | स.वि.म. /प्र.त.का. |
| ३.२.२ | नवजात शिशुको मृत्युदर (प्रति हजार जीवित जन्म) | २१ | ३० | प्र.ब.सू.क्ल.स. | ने.ज.घ.स. | २०१६ | जिल्ला | ५ बर्ष | स.वि.म. /प्र.त.का. |
| लक्ष्यांक ३.३ | सन् २०३० सम्ममा एड्स, क्षयरोग, औलोज्वरो र उपेक्षित उष्णप्रदेशीय रोगहरूको महामारी अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोग एवं अन्य सरुवा रोगहरू नियन्त्रण गर्ने | | | | | | | | |
| क | नयाँ एचआईभी संक्रमणहरूको सङ्ख्या | १७८१ | १३४ | स्वा.व्य.सू.प्र. | स्वा.से.वि. | २०१७ | जिल्ला | बार्षिक | स.वि.म. /प्र.त.का. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ख | क्षयरोग लाग्ने दर (प्रति एक लाख जनसङ्ख्यामा) | १११ | १३५ | स्वा.व्य.सू.प्र. | स्वा.से.वि. | २०१७ | जिल्ला | बार्षिक | स.वि.म./प्र.त.का. |
| ग | औलोज्वरो लाग्ने दर (प्रति एक लाख जनसङ्ख्या) | १० | १० | स्वा.व्य.सू.प्र. | स्वा.से.वि. | २०१७ | जिल्ला | बार्षिक | स.वि.म./प्र.त.का. |
| घ | हेपटाइटिस बी लाग्ने दर (प्रति एक लाख जनसङ्ख्यामा) | २६५४ | | स्वा.व्य.सू.प्र. | रा.यो.आ. दिविल मार्गचित्र | २०१६ | जिल्ला | बार्षिक | स.वि.म./प्र.त.का. |
| ३.३.५ | उष्णप्रदेशीय उपेक्षित रोगहरूविरुद्ध उपचार गर्न आवश्यक (Requiring interventions) भएका मानिसहरूको सङ्ख्या | | | | | | | | |
| क | कुष्ठरोग लाग्ने दर (प्रति हजार जनसङ्ख्या) | ११ | १९ | स्वा.व्य.सू.प्र. | स्वा.से.वि. | २०१७ | जिल्ला | बार्षिक | स.वि.म./प्र.त.का. |
| ख | कालाजरका विरामी | ३२५ | | स्वा.व्य.सू.प्र. | रा.यो.आ. दिविल मार्गचित्र | २०१६ | जिल्ला | बार्षिक | स.वि.म./प्र.त.का. |
